महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सन्धिखर्क नगरपालिका

अर्घाखाँची

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सन्धिखर्क नगरपालिका

अर्घाखाँची

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १३८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यु,
सन्धिखर्क नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
अर्घाखाँची ।

कैफियत सहितको राय

हामीले सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ६ लाख ८८ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३९ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. ४६ लाख ७९ हजार र पेश्की रू. ५ लाख ५८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ४ करोड ४१ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ४१ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्रीकुमार राई
नायब महालेखापरीक्षक

सन्धिखर्क नगरपालिका, अर्घाखाचीँ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५०	३२	१०६८८	०	०	०	५०	३२	१०६८८	३९७३	४६७९	१४७८	०	०	१६५६	५५८

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सन्धिखर्क नगरपालिका अर्घखाँची	४४१०५	०	६३८	४३४६७	०	१०६८८	५४१५५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सन्धिखर्क नगरपालिका, अर्घाखाँची , सन्धिखर्क नगरपालिका , अर्घाखाँची

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खुमलाल भुसाल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	नवराज गौतम	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१०,६८८,८१३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,०५,१३,८१६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	६२,२७,४५,०३०	**चालु खर्च**	४०,०८,४४,१६७
प्रदेश सरकारबाट अनुदान	४,७५,५२,९७३	**पूँजीगत खर्च**	४२,४५,०४,०५६
राजश्व बाँडफाँट	१२,१७,२४,८६१	**वित्तीय/अन्य व्यवस्था**	२३,७९,५८,३६८
आन्तरिक आय	३,१०,२०,२५१		
अन्य आय	२२,००,९४,२५७		
कुल आय	१,०४,३१,३७,३७२	**कुल खर्च**	१,०६,३३,०६,५९१
बाँकी मौज्दात		८,०३,४४,५९७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, १२९.४२ वर्ग किलोमिटर ५१२५६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>एकिकृत आयव्यय विवरण

एकिकृत आयव्यय विवरण
<table>
<tr><td rowspan="2">सि.नं</td><td colspan="3">आयतर्फ</td><td>सि.नं</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>१</td><td>चालु खर्च</td><td></td><td>४००८४४१६७</td></tr>
<tr><td>क)</td><td>नगद</td><td></td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td></td><td>४२४५०४०५६</td></tr>
<tr><td>ख)</td><td>बैंक</td><td></td><td>१००५१३८१६</td><td>३</td><td>संघ खर्च</td><td></td><td></td></tr>
<tr><td></td><td>संचित कोष</td><td>८२७०१८००</td><td></td><td>क)</td><td>वितिय समानिकरण</td><td>१३१६०३४२९</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	विविध कोष खाता	४३३०६१६		ख)	शसर्त अनुदान	४१२११२४८०	
	धरौटी	१३२६२१७५		ग)	समपुरक अनुदान	२०६०००००	
	प्रकोप व्यवस्थानपन कोष	१०९२२५		घ)	विशेष अनुदान	१६६०००००	
	आकस्मिक कोष	११००००		ङ)	राजस्वाँड	८११८०७६३	
२	राजस्व (आन्तरिक आय)		१५२७४५११२	४	प्रदेश खर्च		
क)	आन्तरिक राजस्व	२४४१५३६०		क)	वित्तिय समाणिकरण	६२७६२३१	
ख)	विभाज्य कोष	५८६३२९९		ख)	शसर्त अनुदान	११६९३४३४	
ग)	वेदर्तावाला भ्याट रकम	७४१५९३		ग)	समपुरक अनुदान	१९९८६८९०	
घ)	राजश्व बाँडफाँड संघ	१०१३६९९६६		घ)	विशेष अनुदान	८१४२४९१	
ङ)	राजश्व बाँडफाँड प्रदेश	२०३५४८९५		ङ)	राजस्वाँड	१७७०४६६२	
३	विविध आम्दानी नसाटिएको चेक	१७८८३३८	१७८८३३८	५	आन्तरिक आय खर्च	९३६२९८५२	
४	वित्तिय हस्तान्तरण संघ		६२२७४५०३०				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका हेर्नुहोस्)	

क)	वित्तिय समानीकरण अनुदान	१४१००००००		६	विविध कोष खर्च	३७०३१५६	३७०३१५६
ख)	सशर्त अनुदान	४४४५४५०३०		७	धरौटी फिर्ता	६००७२४९	६००७२४९
ग)	समपूरक अनुदान	२०६०००००		८	जिल्ला समन्वय समिति अनुदान खर्च	२०२५०००	
घ)	विशेष अनुदान	१६६०००००		९	सडक वोर्ड खर्च	४७४२९९०	
५	प्रदेश सरकारबाट प्राप्त अनुदान		४७५५२९७३	१०	कुल फिर्ता		३३४५०७०८
क)	वित्तिय समानीकरण अनुदान	६६७२०००		क)	संघ फिर्ता	३२४३२५५०	
ख)	सशर्त अनुदान	१२५४४०००		ख)	प्रदेश फिर्ता	१०१८१५८	
ग)	समपुरक अनुदान	२०००००००		११	विभाज्य कोष बाट राजस्वबाँडफाट फिर्ता		३०८६९११
घ)	विशेष अनुदान	८३३६९७३		क)	प्रदेश विभाज्य कोष फिर्ता	२३४५३२०	
६	अन्य आम्दानी		११६१७६४७	ख)	वेदर्ता संघ राजस्व दाखिला	७४१५९१	
क)	सडक वोर्ड नेपाल	८६१७६४७		१२	बैंक मौज्दात		८०३४४५९७
ख)	जिल्ला समन्वय समिति	३००००००		क)	क)संचित कोष	५६२७५०५८	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>कोष तर्फ आम्दानी तथा प्राप्ती</td><td></td><td>१४९९४०५८</td><td>ख)</td><td>धरौटी</td><td>२०३४३८८४</td><td></td></tr>
<tr><td>क)</td><td>विविध कोष खाता</td><td>१९०५१००</td><td></td><td>ग)</td><td>प्रकोप व्यवस्थापन कोष खाता बैंक मौज्दात</td><td>९३०९५</td><td></td></tr>
<tr><td>ख)</td><td>धरौटी प्राप्ती</td><td>१३०८८९५८</td><td></td><td>घ)</td><td>आकाष्मिक कोष बैंक मौज्दात</td><td>११०००००</td><td></td></tr>
<tr><td>८</td><td>अन्तरसरकारी अख्तियारी तर्फ</td><td></td><td>१९१६९४२१४</td><td>ङ)</td><td>विविध कोष खाता बैंक मौज्दात</td><td>२५३२५६०</td><td></td></tr>
<tr><td>क)</td><td>गरिव सँग विश्ववर कार्यक्रम</td><td>४५६४९९</td><td></td><td>१३</td><td>अन्यकोष खाता खर्च</td><td></td><td>१६१३०</td></tr>
<tr><td>ख)</td><td>स्थानीय भवन प्रशासकिय भवन निर्माण</td><td>७५०००००</td><td></td><td>क)</td><td>प्रकोप व्यवस्थापन कोष खाता खर्च</td><td>१६१३०</td><td></td></tr>
<tr><td>ग)</td><td>सामाजिक सुरक्षा</td><td>१७६८८५२२५</td><td></td><td>१४</td><td>अन्तरसरकारी अख्तियारी तर्फ खर्च</td><td>१९१६९४२१</td><td>१९१६९४२१</td></tr>
<tr><td>घ)</td><td>प्रदेश नव पर्तन</td><td>६५५२४९०</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ङ)</td><td>श्रम तथा रोजगार व्यस्थापन</td><td>३०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>११४३६५११८८</td><td>११४३६५११८८</td><td></td><td>जम्मा</td><td>११४३६५११८८</td><td>११४३६५११८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सुत्र प्रणालीबाट फाराम.नं. २७२</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सुत्र प्रणाली अनुसार वित्तिय प्रतिवेदन

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८४,२९,२३,९१५.३८	८१,३०,००,४३८.३४		८१,३०,००,४३८.३४	७५,६३,२७,०३२.२३		७५,६३,२७,०३२.२३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८४,२८,१४,६९०.००	७९,९९,११,४८०.३४	०.००	७९,९९,११,४८०.३४	७३,४६,८९,४४७.२३	०.००	७३,४६,८९,४४७.२३
११००० कर	११	१४,९०,६३,०१०.००	१४,६२,६३,२२१.००	०.००	१४,६२,६३,२२१.००	१३,३५,९१,२३९.४३	०.००	१३,३५,९१,२३९.४३
१३००० अनुदान		६९,१५,५१,६८०.००	६४,८४,६४,९४१.७०	०.००	६४,८४,६४,९४१.७०	६०,१०,९८,२०७.८०	०.००	६०,१०,९८,२०७.८०
संघीय सरकार	१२	६३,२१,७५,६८०.००	५९,०३,१२,४७९.७०	०.००	५९,०३,१२,४७९.७०	५४,८४,९१,४६०.८०	०.००	५४,८४,९१,४६०.८०
प्रदेश सरकार	१२	४,८२,१६,०००.००	४,६५,३४,८१५.००	०.००	४,६५,३४,८१५.००	५,२६,०६,७४७.००	०.००	५,२६,०६,७४७.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अन्तरिक श्रोत		१,११,६०,०००.००	१,१६,१७,६४७.००	०.००	१,१६,१७,६४७.००	०.००	०.००	०.००
१४००० अन्य राजस्व		०.००	३३,९४,९७९.५०	०.००	३३,९४,९७९.५०	०.००	०.००	०.००
१५००० विविध प्राप्ति		२२,००,०००.००	१७,८८,३३८.१४	०.००	१७,८८,३३८.१४	०.००	०.००	०.००
ख. अन्य प्राप्ति		१,०९,२२५.३८	१,३०,८८,९५८.००		१,३०,८८,९५८.००	२,१६,३७,५८५.००		२,१६,३७,५८५.००
वितरण गर्न बाकी राजस्व		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कोषहरु		१,०९,२२५.३८	०.००	०.००	०.००	१,४४,२०,७७७.००	०.००	१,४४,२०,७७७.००
धरौटी		०.००	१,३०,८८,९५८.००	०.००	१,३०,८८,९५८.००	७२,१६,८०८.००	०.००	७२,१६,८०८.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		९२,५६,२५,७१४.३८	८३,२३,६१,६००.८५		८३,२३,६१,६००.८५	७३,९६,२२,५१३.६३		७३,९६,२२,५१३.६३
ग. भुक्तानी (सञ्चित कोषबाट)		९२,५५,१६,४८९.००	८२,६३,३८,२२१.८५		८२,६३,३८,२२१.८५	७२,२०,६२,६९२.६३		७२,२०,६२,६९२.६३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२१००० पारिश्रमिक / सुविधा	१८	३०,४१,१६,७९०.००	२७,६३,६४,३४६.८३	०.००	२७,६३,६४,३४६.८३	२६,७२,३७,०८४.५६	०.००	२६,७२,३७,०८४.५६
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१२,५९,६६,४१०.००	१०,४९,२२,२२४.९८	०.००	१०,४९,२२,२२४.९८	६,७४,८०,२२४.२१	०.००	६,७४,८०,२२४.२१
२५००० सहायता (Subsidy)	१८	१,४०,६६,०००.००	१,१०,०९,०३०.००	०.००	१,१०,०९,०३०.००	०.००	०.००	०.००
२६००० अनुदान	१८	०.००	०.००	०.००	०.००	१३,४०,०००.००	०.००	१३,४०,०००.००
२७००० सामाजिक सुरक्षा	१८	९०,५४,०००.००	७९,२९,३६५.००	०.००	७९,२९,३६५.००	५७,३६,६७१.००	०.००	५७,३६,६७१.००
२८००० अन्य खर्च	१८	९,५०,०००.००	६,१९,२००.००	०.००	६,१९,२००.००	११,५३,०५०.००	०.००	११,५३,०५०.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४७,१३,६३,२८९.००	४२,५४,९४,०५५.०४	०.००	४२,५४,९४,०५५.०४	३७,९१,१५,६६२.८६	०.००	३७,९१,१५,६६२.८६
घ. अन्य भूक्तानी		१,०९,२२५.३८	६०,२३,३७९.००		६०,२३,३७९.००	७३,९६,२२,५१३.६३		७३,९६,२२,५१३.६३
कोषहरु		१,०९,२२५.३८	१६,१३०.००	०.००	१६,१३०.००	१,४२,५४,२९७.००	०.००	१,४२,५४,२९७.००
धरौटी		०.००	६०,०७,२४९.००	०.००	६०,०७,२४९.००	३३,०५,५२४.००	०.००	३३,०५,५२४.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(८,२७,०१,७९९.००)</td><td>(१,९३,६१,१६२.५१)</td><td></td><td>(१,९३,६१,१६२.५१)</td><td>१,६७,०४,५१८.६०</td><td></td><td>१,६७,०४,५१८.६०</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>९,६०,७३,२००.४९</td><td></td><td>९,६०,७३,२००.४९</td><td>६,९५,५०,९३५.११</td><td></td><td>६,९५,५०,९३५.११</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(८,२७,०१,७९९.००)</td><td>७,६७,१२,०३७.९८</td><td></td><td>७,६७,१२,०३७.९८</td><td>८,६२,५५,४५३.७१</td><td></td><td>८,६२,५५,४५३.७१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>७,६७,१२,०३७.९८</td><td></td><td>७,६७,१२,०३७.९८</td><td>९,५१,६०,८४६.४९</td><td></td><td>९,५१,६०,८४६.४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
वित्तिय विवरणको अवस्था

पालिकाको वित्तिय विवरणको अवस्था निम्न छ ।

1. सामाजिक सुरक्षा भत्ता र संघीय शसर्तका रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट एकल कोष खाता मार्फत निकासा प्राप्त भई खर्च हुने संघीय ससर्तको रकम सूत्र प्रणालीको वित्तीय प्रतिवेदनमा समावेश नभएकोले सूत्र प्रणालीवाट तयार भई पेश भएको वित्तीय प्रतिवेदनले पालिकावाट भएको सबै आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण गर्दैन ।
2. एकिकृत आय-व्यय (२०७८/७९) मा गत वर्षको मौज्दात रु. १०,०५,१३,८१६ देखिएकोमा सुत्र १७२ को अनुसुचि १० मा संचित कोषको गत वर्षको मौज्दात रु. ८,१५,९७,५४४.७६ देखिएको रु. १,८९,१६,२७१.२४ वैंक वाँकी कम देखिएको छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			3. एकिकृत आय-व्ययले आ.व. को अन्तिम मौज्दात रु. ८,०३,४४,५९७ देखाएकोमा सुत्रको वित्तिय प्रतिवेदनमा अन्तिम मौज्दात रु. ७,६७,१२,०३७.९८ देखिएको छ । एकिकृत आय-व्यय र सुत्रको वित्तीय प्रतिवेदनको वर्षान्तको वांकी मौज्दातमा रु. ३६,३२,५५९.०२ फरक देखिन्छ । पालिकावाट हुने सवै आम्दानी, खर्च । कोषको हिसाव सूत्र प्रणालीमा आवद्ध हुनुपर्दछ ।	
५			**स्थानीय तह अन्तर्गतका कोषहरु** स्थानीय तह अन्तर्गतका कोषहरुः आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका सम्पूर्ण कोषहरुको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।	
६			**सम्पत्ति उपयोग र संरक्षण (स्थानीय तह)**	
६.१			सम्पत्ति हस्तान्तरण र अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नुपर्दछ ।	
६.२			सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।	
७			**वित्तीय विवरण परीक्षण (स्थानीय तह)** आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
८			**आन्तरिक नियन्त्रण प्रणाली (स्थानीय तह)**	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
८.१			आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको, • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरे नगरेको, • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको, • अधुरा आयोजनाको समिक्षा नगरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• क्यालेन्डरमा शुभकामना तथा पत्रिकामा शुभकामना बधाइ जानकारी प्रकाशन गर्दा आफुखुसी छपाइ गर्ने र भुक्तानी लैजाने प्रवृति देखापरेको देखिन्छ साथै भुक्तानीमा पनि एकरुपता भएको देखिदैन ।निस्चित मापदन्ड बनाइ भुक्तानीमा एकरुपता कायम गरी खर्चलाइ प्रभावकारीता,पारदर्शिता, मितव्ययिता बनाउनु पर्ने देखिएको छ ।	
८.२			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन । -म.ले.प. फाराम ८०१ - बेरुजु लगत -म.ले.प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन -म.ले.प. फाराम ८०३ - बेरुजुको केन्द्रीय कार्यालयगत लगत -म.ले.प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन -म.ले.प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
८.३			सूचना प्रविधी पद्दतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ब भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । तसर्थ, कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.४			भ्रमण तथा भ्रमण खर्चको अभिलेखः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको, • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको, • म. ले. प. फाराम ९०९ बमोजिम सबै कर्मचारीको भ्रमण प्रतिवेदन नराखेको । अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
९			**कानून निर्माण एवं कार्यान्वयन (स्थानीय तह)**	
९.१			न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको ५ र यो बर्ष थप भएको १ गरी कुल ६ विवाद दर्ता भएकोमा ५ वटा फर्छ्यौट भई एउटा फर्छ्यौट गर्न बाँकी भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
९.२			कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ५ वटा नियमावली, ५ वटा निर्देशिका र ३९ कार्यविधि गरी ७२ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली लगायत आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१०			**आर्थिक सहायता र अन्य विविध खर्च (स्थानीय तह)**	
१०.१			विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. ३१६९२१२ खर्च गरेको छ । त्यसैगरी पालिका तथा पालिकाका सम्बन्धित निकायहरुको विजुलीको महसुल बुझाउँदा ढिला गरेकाले पालिकाले अत्याधिक रकम जरिवाना स्वरुप तिरेको देखिएकाले जिम्मेवार व्यक्ति तथा शाखाले यथासमयमै बुझाएर अनावश्यक जरिवाना भुक्तानी नगर्ने अवस्था ल्याउनुपर्छ । पालिकाले विभिन्न संस्था तथा मिडियाबाट स्वस्फूर्त रुपमा गरिएका विज्ञापनमा न्युनतम भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१०.२			आर्थिक सहायता र अन्य विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैंन । तर पालिकाले यस वर्ष औषधि उपचार खर्चमा रु. ३९८००० , उद्दार,राहत तथा पुनर्स्थापना खर्चमा रु. ४२५०००० र आर्थिक सहायतामा रु. ९००००० वितरण गरेका छन् । आर्थिक सहायता वितरणका लागि कार्यविधि स्विकृत गरेर ठोस आधारमा सहायता दिने व्यवस्था लागु गरी दिने तथा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता (स्थानीय तह)** अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु. ३२४३२५५० र प्रदेश सरकारलाई रु. १०१८१५८ फिर्ता गरेको छ ।	
१२			**बजेट तथा कार्यक्रम (स्थानीय तह)**	
१२.१			क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	४२१२९६१०	२५३९२९६२	५.०९
२	पूर्वाधार विकास	३३३३३४६७८	३०१८९६३१५	६०.४९
३	सामाजिक विकास	९९११७८४०	८५५५०५८३	१७.१५
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१८२२१६००	१२६५४१९५	२.५३
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८६७४१२१०	७३५५७१०५	१४.७४
	जम्मा	५७९५४४९३८	४९९०५११६०	१००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले उपलब्ध गराएको विवरण अनुसार संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबैभन्दा कम २. ५३ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ६०.४९ प्रतिशत बजेट खर्च गरेको छ । त्यसैगरी सामाजिक विकासमा पालिकाले १७.१५ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>योजनाको आन्तरिकिकरण र सामञ्जस्यताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
(रु. हजारमा)
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>४२५४९४</td><td>३३३८८</td><td>९८९४७</td><td>२९३१५९</td><td>१५९२५७</td></tr>
<tr><td></td><td>१००</td><td>७.८५</td><td>२३.२५</td><td>६८.९०</td><td>३७.४३</td></tr>
</table>
कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले पूँजिगत खर्चतर्फ प्रथम चौमासिकमा ७.८५, दोश्रो चौमासिकमा २३.२५, तेश्रो चौमासिकमा ६८.९० तथा आषाढ महिनामा मात्र ४५.४३ प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पुँजिगत तर्फ निम्नानुसार तेस्रो चौमासिकमा ६५.३१ प्रतिशत र आषाढ महिनामा मात्र ३७.४३ प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।	
१२.४			बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखज्युबाट मिति २०७८।३।०९ गते रु. ९८ करोड ५० लाख बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।०९ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
१२.५			आयको प्रक्षेपण तथा वितरणको खाकाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।	
१३			**संगठन तथा कर्मचारी व्यवस्थापन (स्थानीय तह)**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.१			कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ५३ रहेकोमा ४७ जना कर्मचारीको पदपूर्ति भएकोमा ६ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको १२ वडा कार्यालयहरुको लागि १२ जना वडा सचिवको दरबन्दी रहेकोमा ९ वटा मात्र पदपूर्ति भई ३ वटा पद रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने सेवाको गुणस्तर र जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।	
१३.२			तलवि प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २,५३,४४,१११।- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित नगरी कर्मचारीलाई तलव।ग्रेड भुक्तानी गरेको देखिएकाले यसले सरकारी कोषको दुरुपयोग हुदै राष्ट्रलाई वित्तीय भार बढ्ने अधिकतम सम्भावना रहेकाले प्रतिवेदन पारित गरेर मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्ने देखिएको छ । कार्यालय तथा यस सँग सम्बन्धित सबै कार्यालयले आफ्नो जिम्मेवारी पुरा गर्दै यसमा सुधार गर्नुपर्ने देखिन्छ । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।	
१४			**राजस्व आन्तरिक नियन्त्रण (कर कार्यालय बाहेकका कार्यालय)**	
१४.१			आन्तरिक आयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५, दफा २७ बमोजिम कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपेने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१ • दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२ • राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४ • राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ • राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ • राजश्व/आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७	
१४.२			कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	
१४.३			राजश्व रकम कम तथा ढिला दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभएमा भोलिपल्ट दाखिला गर्नुपर्दछ र भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले तीन दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । त्यस्तै, सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा २ मा सोही उल्लेख गरेको देखिन्छ । कार्यालयले तयार गरी लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारबाही गर्ने गरेको देखिएन । पालिकाले वडाहरुमा नगदी रसिद काटिएको अवस्थामा पनि पालिकाको राजश्व शाखाबाट आम्दानी तथा बैंक दाखिलाको दैनिक भिडान गर्ने गरेको नदेखिएकाले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने देखिएन । त्यसैगरी, पालिका मातहतका वडा कार्यालयहरुबाट प्राप्त गरेको राजश्व पालिकाको संचित कोषमा दाखिला गरेको हुनुपर्दछ । पालिकाको देहायका वडाका जिम्मेवार कर्मचारीहरुले संकलन गरेको राजश्व घटी तथा ढिला दाखिला गरेको देखिएकाले प्रचलित कानून बमोजिम १० प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने देखिन्छ ।	२९,७५९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा</td><td>जिम्मेवार व्यक्ति</td><td>महिना</td><td>रकम</td><td>जरिवाना</td></tr>
<tr><td>३</td><td>लाल प्रसाद अर्याल</td><td>श्रावण</td><td>११७६०</td><td>११७६</td></tr>
<tr><td>४</td><td>संगिता घिमिरे</td><td>श्रावण र असोज</td><td>२२४४४</td><td>२२४४</td></tr>
<tr><td>६</td><td>मोहन पुरी</td><td>श्रावण</td><td>२०९५७</td><td>२०९५</td></tr>
<tr><td>७</td><td>रमा अर्याल</td><td>श्रावण</td><td>३४१२४</td><td>३४१२</td></tr>
<tr><td>८</td><td>अनिल पुन</td><td>श्रावण र भाद्र</td><td>७०४०९</td><td>७०४०</td></tr>
<tr><td>९</td><td>गगन आचार्य</td><td>श्रावण र असोज</td><td>२००००</td><td>२०००</td></tr>
<tr><td>९</td><td>कुलदिप पोखेल</td><td>पुष देखि जेष्ठ</td><td>६००५०</td><td>६००५</td></tr>
<tr><td>११</td><td>पुस्करनाथ पोखेल</td><td>श्रावण देखि असोज</td><td>५७८७३</td><td>५७८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२९७५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>शिक्षा (स्थानीय तह)</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विद्यालयको अनुगमन नियमन व्यवस्थाः राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् • सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । • मापदण्ड बमोजिम अनुगमन गरेको छैन । • अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । • प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	
१५.२			निजि विद्यालय व्यवस्थापनः राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्ने निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् • निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । • मापदण्ड बमोजिम अनुगमन गरेको छैन । • निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । • शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । • अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।	
१५.३			विद्यालयको भौतिक पूर्वाधार व्यवस्थाः पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५.४			सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः गाउँपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नुपर्दछ ।	
१६			**कामका लागि पारिश्रमिकमा आधारित योजना**	
१६.१			कामका लागि पारिश्रमिकमा आधारित आयोजना : स्थानिय निकायले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारमा संलग्न गराउन नेपाल सरकार वाट रु. १,८२,१७,००० विनियोजित भई रु.१,७३,४६,००० खर्च भएको र मा निम्न पाईयो । कामका लागि पारिश्रमिक मा आधारीत योजना (आई. डि. ए) : स्थानिय निकायले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारमा संलग्न गराउन नेपाल सरकार वाट रु. ४०,१५,000 विनियोजित भई रु. ३९,५८,०० खर्च भएको मा निम्न पाईयो । 1. आयोजनाहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश गरी छनौट गर्नुपर्ने : कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुदाँ ७ मा यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानिय तहको वार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले वार्षिक नगर वार्षिक विकास पुष्तिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम मा एकमुष्ठ रुपमा रु. १,४४,००,००० उल्लेख गरेको छ । योजनामा उल्लेख भएको वजेट र पछी थप भएको वजेट रु. ८०,००,००० नगरपालिकाले मिति २०७८/०९/०८ कार्यपालिकावाट निर्णय गरी योजना छनौट गरी कार्यान्वयन भएको छ । अत: नगरपालिकाले कार्यविधिमा उल्लेख गरे अनुसार नै योजना वार्षिक कार्यक्रममा समावेश गरेर कार्यान्वयन गर्नुपर्दछ । 2. कानून बमोजिम श्रमिक समूह गठन गर्नुपर्ने (युवा रुप र नेपाल सरकार) : प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को नियम २५ मा रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले श्रमिक समूह गठन गर्दा निर्देशिकामा रहेको संख्या भन्दा फरक पारेर गठन गरेको पाईयो । अत: नगरपालिकाले श्रमिक समूह गठन गर्दा निर्देशिका बमोजिम गर्नुपर्दछ । 3. सिपमुलक तालिम सञ्चालन गर्नपर्ने : कामका लागि पारिश्रमिकमा आधारित मामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को नियम ५ (५)(आ) मा बेरोजगार व्यक्तिको सूचिमा सुचिकृत अपाङ्गता भएको कुनै पनि व्यक्तिका लागि रोजगारिको सुनिश्चित	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्न स्थानिय तहले निजको व्यवसाय प्रस्ताव सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वरोजगारमूलक व्यवसायिक तथा सीपमूलक तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण क्रृणका लागि सम्बन्धित निकायमा सिफारीस र सहजिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकामा बेरोजगारको लागि अपाङ्गता भएको ७ व्यक्ति सुचिकृत भएता पनि पालिकाले उनिहरुको रोजगारिको सुनिश्चततताको लागि आफै तालिम संञ्चालन तथा अन्य निकायमा सिफारिस र सहजिकरण गरेको पाईदैन । अतः नगरपालिकावाट अपाङ्गता भएका नागरिकको लागि व्यवसायिक तालिम सञ्चालन गरेर तथा अन्य निकायमा सिफारिस र सहजिकरण गरेर रोजगारीको सूनिश्चित गर्नुपर्दछ । 4. तोकिए बमोजिमको संख्यामा रोजगार उपलब्ध पर्ने : श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारीत आयोजना मा कुल ३७० जना लाई रोजगार उपलब्ध गराउने भनेकोमा यस नगरपालिका वाट ३५८ जना लाई मात्र रोजगार उपलब्ध गराएको पाईयो । अतः पालिकावाट विनियोजित बजेट अनुरुपको रोजगारी सिर्जना गर्नुपर्दछ । 5. दिगो पूर्वाधार विकास का कार्यक्रम संचालन गर्नुपर्ने : कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुँदा ४ मा आयोजना तर्जुमा गर्दा उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त किसिमका भौतिक भौतिक पूर्वाधार निर्माण हुने, बढि भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने, स्थानिय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने र वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने योजना छनौट गर्नुपर्ने व्यवस्थारहेको मा नगरपालिकाट वाटो तथा नालि सरसफाई, मर्मत र घोरेट वाटो निर्माण गर्ने योजना संचालन भएको छ, जसले समूदायलाई आर्थिक सामाजिक लाभ दिने तथा समाजको दिगो विकास गर्न योगदान दिन सक्दैन । नगरपालिकाले योजना छनौट र कार्यान्वयन गर्दा कार्यविधिले उल्लेख गरेको प्रावधानलाई ध्यान दिनुपर्दछ । 6. सार्वजनिक परीक्षण गर्नुपर्ने : कामका लागि पारिश्रमिकमा आधारित मामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को नियम २० मा स्थानिय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकावाट कामका लागि पारिश्रमिकमा आधारीत कार्यक्रम को सम्बन्धमा यस आर्थिक वर्षमा सार्वजनिक परीक्षण गरेको पाईदैन । नगरपालिकावाट कार्यविधिमा उल्लेख गरे बमोजिम सामाजिक परिक्षण गरेर सार्वजनिक कार्यमा पार्दशिता र कार्यको गुणस्तरमा अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			7. अनुगमन गर्नुपर्ने : प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को नियम ३१ मा मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले समय समयमा यस कार्यमा अन्तरगतका रोजगार आयोजनाहरुको स्थलगत अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकावाट आयोजना कार्यान्वयनको सम्बन्धमा अनुगमन र मूल्याकंन गरेको पाईएन । योजना कार्यसम्पन्न प्रतिवेदन अनुसार नै सम्पन्न भयो भएन एकिन हुन सकिदैन । अतः नगरपालिकावाट योजनाको समय समयमा अनुगमन मूल्यांकन गरेर योजनाको गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।	
१६.२			घर्तिखोर देउमाढी बूहत टिमुर खेतिः सन्धिखर्क अर्धा खर्तिखोर मा टिमुर खेति प्रवर्द्धन कार्यक्रम अन्तर्गत नगरपालिकावाट रु. ७,९०,२०० खर्च भएकोमा निम्न पाईयो । 1. सामूदायिक वनको क्षेत्र निर्धारण नभएको : लागत अनुमान तयार गर्दा ४००० हजार विरुवा सार्नको लागि कति क्षेत्रफल भूमि लाग्ने हो सो सम्बन्धमा खुलाएको छैन । साथै अनुगमन प्रतिवेदनमा पनि क्षेत्र निर्धारण उल्लेख भएको छैन । यसरी वनको क्षेत्र नखुलाई वृक्षारोपण कार्य हुदा तोकिएको गुणस्तर र परिमाणमा विरुवा रोप्ने कार्य भयो भनि एकिन हुन सकिएन । अतः नगरपालिकावाट योजनाको कार्यविधि वनाउदा कति विरुवा सार्नको लागि कति क्षेत्र आवश्यक पर्ने हो, कति को फरकमा विरुवा सार्ने हो सो सम्बन्धमा व्यहोरा खुल्ने गरी योजना निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ । 2. परिमाण कार्य एकिन गर्नुपर्ने : कार्यसम्पन्न प्रतिवेदनमा ४००० खाडल खनेको कार्य देखाइएको छ । सुपादेउराली एग्रो फरेष्ट्री नर्सरी वाट ३००० वटा विरुवा मात्र खरिद गरेको पाईयो । यही विरुवा खरिद अनुसार कार्य भएको मान्दा जम्मा गरेको कार्य भन्दा १००० खाडल खन्ने काम वढी देखाईएको छ । अतः कार्यालय वाट अनुगमन गरी वास्तविक कार्यको एकिन गर्नुपर्दछ ।	
१७			**नगरपालिकाले नियमन गर्नुपर्ने** समयमा फिर्ता गर्नुपर्ने : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा भत्ता वितरणको समय मात्रै उल्लेख गरेको छ । वाँकी भत्ता फिर्ताको व्यवस्था छैन । नगरपालिकाले ७ वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि सम्झौता गरेको छ । सम्झौता अनुसार बैंकले गाउँ	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र नगरपालिकाबाट प्राप्त रकम लाभग्राहिको खातामा १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलब्ध गराउने व्यवस्था रहेको छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार बैंकले सम्झौतामा उल्लेख भएको समय मा फिर्ता गरेको पाईएन । अतः नगरपालिकाले नियमन गरी समयमै बाँकि रकम फिर्ता गर्न लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>औषधि खरिद तर्फ

निशुल्क वितरणको छाप लगाउनु पर्ने: नगरपालिकाले विभिन्न फार्मेशी संग खरिद सम्झौता गर्दा निःशुल्क वितरणको छाप लगाउने सम्बन्धी सम्झौता भएको पाईदैन । गाँउपालिकाले विभिन्न मितिमा विभिन्न सप्लायर्स वाट रु. १८,३५,५९४ को औषधि खरिद गरेकोमा औषधि खरिद गर्दा inst supply मात्र लेखेको र मुल्य उल्लेख नभएको छ । inst supply को अर्थ समेत स्पष्ट छैन साथै अर्थ सर्वसाधारणले वुझ्न कठिनाई हुने देखिन्छ । यसरी निःशुल्क वितरणको प्रष्ट छाप नहुदा व्यवसायिक प्रयोजनको लागि पनि प्रयोग हुन सक्छ । स्पष्ट बुझिने गरी सन्धिखर्क नगरपालिका वाट निःशुल्क वितरित उल्लेख गर्ने शर्त राखी खरिद सम्झौता गर्ने र सोही अनुसार औषधि खरिद हुनु पर्दछ । औषधि खरिद गर्दा नगरपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कोभिड १९ को महामारी वाट प्रभावित परिवारमा राहत

कोभिड-१९ को महामारी वाट प्रभावित अतिवपन्न गरिवार नगद हस्तान्तरण कार्यक्रम: कोभिड-१९ को प्रभाववाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रम रहेका अतिविपन्न परिवारको तत्कालको न्युनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने उद्देश्यले संचालन भएको यस कार्यक्रम अन्तर्गत नगरपालिकावाट पेश भएको विवरण अनुसार नगरापालिकावाट ४२५ जना लाई प्रति व्यक्ती १०,००० का दरले रु. ४२,५०,००० वितरण भएकोमा निम्न पाईयो
<table>
<tr><th>क्र.म</th><th>वडा नं.</th><th>वडा वाट सिफारीस भएको संख्या</th><th>वितरण गरिएको संख्या</th></tr>
<tr><td>१</td><td>१</td><td></td><td>२</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२	२	५	५
३	३	३४	३३
४	४	६९	६५
५	५	०	०
६	६	५२	५२
७	७	७१	६२
८	८	६१	५८
९	९	५१	४८
१०	१०	५६	५६
११	११	४३	३९
१२	१२	५	५
	जम्मा		४२४

1. छनौटको मापदण्ड नवनाई वितरण गरेको : कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को वुदा (३) अतिविपन्न, कोभिड-१९ वाट प्रभावित, कोभिड-१९ कारण जागिर पेशा तथा व्यवसाय गुमाएका, ठेला लाङ्लो पसल लगायत नगद प्राप्त गर्ने लाभग्राही छनौट गर्ने आधार उल्लेख गरेको छ । वडा कार्यालयमा जम्मा कति व्यक्तिले नगद प्राप्त गर्नको लागि निवेदन दिए विवरण उपलब्ध हुन सकेन । वडा वाट वडा अध्यक्षले लाभग्राही को विवरण भनि पेश गरेको आधारमा नगद हस्तान्तरण भएको छ

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			। नगरपालिकावाट अतिविपन्न, कोभिड-१९ वाट प्रभावित, कोभिड-१९ कारण जागिर पेशा तथा व्यवसाय गुमाएका, ठेला लाङ्लो पसल लगायत लगायतको यथेष्ट प्रमाण विना नगद हस्तान्तरण भएको छ । यसरी प्रस्ट आधार नभई नगद हस्तान्तरण हुदा प्रभावित लक्षित वर्गले प्राप्त गर्ने अवसर वाट वञ्चित हुन पुग्ने हुदाँ नगद हस्तान्तरण गर्दा स्पष्ट कार्ययोजना वनाउनुपर्दछ तथा प्राप्त प्रमाण संकलन गरेर भूक्तानी दिनुपर्दछ ।	
२०			**पशु तर्फ** (१) बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संञ्चालन (प्रधानमन्त्री कृषि आधुनिकिकरण): बाख्रा विकास गरी आय आर्जन गर्ने उद्देश्यले संघीय सरकार वाट हस्तान्तरी रु. १५,00,००० मा श्री बराहनेटा बाख्रा पकेट समिति स.न.पा. ३ संग नगरपालिकाले रु. १५,००,००० व्योहोर्ने र कृषकले रु. १५,००,००० व्योहोर्ने गरी सम्झौता भई रु. १४,४६,८९४ खर्च भएकोमा निम्न पाईयो 1. एकमुष्ठ खरिद नभएको : सम्झौता गर्दा खरिद कार्य कसले गर्ने भन्ने सम्बन्धमा खुलाएको पाईदैन । समूहले विभिन्न बाख्रा फर्म वाट २०३ वटा बाख्रा प्रति बाख्रा रु. १०,००० का दरले र ८ वटा बोका प्रति बोका रु. ३०,००० का दरले जम्मा रु. २२,७०,००० को खरिद गरेको छ । नगरपालिकाले कृषक सहकारिलाई विल भर्पाईको आधारमा रकम भूक्तानी गरेको छ । बाख्रा खरिद गर्दा कृषकले छुट्टा छुट्टै खरिद गरि विल पेश गरेको छन् । बाख्रा खरिद गर्दा गाँउपालिकाले एकमुष्ठ खरिद गर्नुपर्ने तथा सम्झौता मा उल्लेख गरी कृषक सहकारीले एकमुष्ठ खरिद गर्नुपर्दछ । जसले खरिदमा प्रतिस्पर्धा कायम गरी खरिद काउय मितव्ययी वन्दछ । नगरपालिका तथा कृषक सहकारिले यस तर्फ ध्यान दिनुपर्दछ । 2. बाख्राको तौल निर्धारण नभएको : लागत अनुमान तयार गर्दा बाख्रा प्रति गोटा का आधारमा दर निर्धारण गरेको छ, कति तौलको बाख्रा खरिद गर्ने हो उल्लेख छैन । लागत अनुमान मा २०३ बाख्रा प्रति बाख्रा १०,००० र ८ बोका प्रति बोका ३०,००० को दरले निर्धारण गरेको छ । कृषक समुहले २०३ बटा बाख्रा प्रति बाख्रा रु. १०,००० दरले र ८ बोका रु. ३०,००० को दरले खरिद गरेको छ । बाख्रा तोकिएको तैल अनुसार खरिद भए भएनन् खुल्दैन साथै सवै बाख्रा एउटै दरमा खरिद गरेको व्यवहारीक देखिदैन । नगरपालिकाले लागत अनुमान तयार गर्दा बाख्राको तौल अनुसार भूक्तानी हुने गरी गर्नुपर्दछ र बाख्रा खरिद गर्दा तौल खुल्ने गरी गर्नुपर्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			3. स्वास्थ्य परीक्षण नभएको : बाख्रा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य बाख्रा मात्र खरिद गर्नुपर्ने मा कृषकले खरिद गर्दा बाख्रा को स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन । 4. तोकिएको गुणस्तर नभएको : लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । कृषक समितिले खरिद गरेको बाख्रा बिलम स्थानिय खरिजात उल्लेख गरेको छ । कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ । 5. विल अनुसार खरिद नगरेको : बराहनेटा बाख्रा पकेट समिति स.न.पा. ३ ले निम्न विल वाट बाख्रा खरिद गरेकोमा सम्बन्धित फर्म लाई फोन गरेर सोधनी हुदा विक्रि सम्बन्धित समितिलाई बिक्री नगरेको जानकारी आएको । पछी नगरपालिकाले सम्वन्धित समिति, बाख्री विक्री गरेको फर्म, र कृषक समुहलाई आब्हान गरेर लेखापरीक्षक संग छलफल गर्दा सम्बन्धित फर्मले विभिन्न ठाउ वाट बाख्रा संकलन गरेर उपभोक्ता समितिलाई आफ्नो फर्म वाट वेचेको व्यहोरा उल्लेख भएको थियो ।उक्त छलफलमा सवै कृषकको संलग्नता भने थिएन । फोन गर्दा र छलफलको क्रममा सम्बन्धित फर्म वाट फरक फरक धारणा आएकोले बाख्रा खरिद गरेर बिक्रि भयो भनेर एकिन हुन समिएन । अत नगरपालिकाले अनुगमन तथा छानविन गरेर एकिन गर्नुपर्दछ । 6. कृषक संग सम्पर्क गरेर बुझ्न सकिएन : कृषकले बाख्रा बुझेको भर्पाईमा कुनै पनि कृषकको सम्पर्क नम्बर उल्लेख नगरेकोले कृषकले बाख्रा वुझे वुझेनन् तथा औषधी, दाना तथा घासको विउ वुझे वुझेनन् एकिन गर्न सकिएन । अतः गाँउपालिकाले अनुगमन गरेर एकिन गर्नु पर्दछ । (2) आ.व २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरता कार्यक्रम (प्रधानमन्त्री कृषि आधुनिकिकरण): आ.व २०७७/७८ मा स्थापना भएका बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिनको लागि संघीय सरकार वाट रु. ७,००,००० विनियोजन भएकोमा श्री खाँचिकोट लागत साझेदारी बाख्रा श्रोत केन्द्र संग रु. ७,००,००० कार्यालयले व्योहोर्ने र रु. ७,००,००० कृषक समुहले व्योहोर्ने गरी सम्झौता भएकोमा निम्न पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			1. एकमुष्ठ खरिद नभएको : सम्झौता गर्दा खरिद कार्य कसले गर्ने भन्ने सम्बन्धमा खुलाएको पाईदैन । समूहले विभिन्न बाख्रा फर्म वाट ३४ वटा बाख्रा प्रति बाख्रा रु. १०,००० का दरले र २० वटा बोका प्रति बोका रु. ३०,००० का दरले र पाठी ३० वटा प्रति पाठी ७,००० को दरले जम्मा रु. ११,५०,००० को खरिद गरेको छ । नगरपालिकाले कृषक सहकारिलाई विल भर्पाईको आधारमा रकम भूक्तानी गरेको छ । बाख्रा खरिद गर्दा कृषक समुहले छुट्टा छुट्टै खरिद गरि विल पेश गरेको छ । बाख्रा खरिद गर्दा गाँउपालिकाले एकमुष्ठ खरिद गर्नुपर्ने तथा सम्झौता मा उल्लेख गरी कृषक सहकारीले एकमुष्ठ खरिद गर्नुपर्दछ । जसले खरिदमा प्रतिस्पर्धा कायम गरी खरिद कार्य मितव्ययी वन्दछ । नगरपालिका तथा कृषक सहकारिले यस तर्फ ध्यान दिनुपर्दछ । 2. बाख्राको तौल निर्धारण नभएको : लागत अनुमान तयार गर्दा बाख्रा प्रति गोटा का आधारमा दर निर्धारण गरेको छ, कति तौलको बाख्रा खरिद गर्ने हो उल्लेख छैन । लागत अनुमान मा ३४ बाख्रा प्रति बाख्रा १०,००० र २० बोका प्रति बोका ३०,००० को दरले र पाठी ३० वटा प्रति पाठी ७,००० को दरले निर्धारण गरेको छ । कृषक समुहले सोही परिमाण सोही दरमा बाख्रा खरिद गरेको पाईयो । बाख्रा तोकिएको तैल अनुसार खरिद भए भएनन् खुल्दैन साथै सवै बाख्रा एउटै दरमा खरिद गरेको व्यवहारीक देखिदैन । नगरपालिकाले लागत अनुमान तयार गर्दा बाख्राको तौल अनुसार भूक्तानी हुने गरी गर्नुपर्दछ र बाख्रा खरिद गर्दा तौल खुल्ने गरी गर्नुपर्छ । 3. स्वास्थ्य परीक्षण नभएको : बाख्रा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य बाख्रा मात्र खरिद गर्नुपर्ने मा कृषकले खरिद गर्दा बाख्रा को स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन । 4. तोकिएको गुणस्तर नभएको : लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । कृषक समितिले खरिद गरेको बाख्रा बिलमा स्थानिय खरिजात उल्लेख गरेको छ । कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ । 5. विल अनुसार खरिद नगरेको : श्री खाँचिकोट लागत साझेदारी बाख्रा श्रोत केन्द्रले निम्न विल वाट बाख्रा खरिद गरेकोमा सम्बन्धित फर्म लाई फोन गरेर सोधनी हुदा विक्रि सम्बन्धित समितिलाई बिक्री नगरेको जानकारी आएको । पछी नगरपालिकाले सम्वन्धित समिति, बाख्री विक्री गरेको फर्म, र कृषक समुहलाई आब्हान गरेर लेखापरीक्षक संग छलफल गर्दा सम्बन्धित फर्मले विभिन्न ठाउ वाट बाख्रा संकलन गरेर	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपभोक्ता समितिलाई आफ्नो फर्म वाट वेचेको व्यहोरा उल्लेख भएको थियो ।उक्त छलफलमा सवै कृषकको संलग्नता भने थिएन । फोन गर्दा र छलफलको क्रममा सम्बन्धित फर्म वाट फरक फरक धारणा आएकोले बाख्रा खरिद गरेर बिक्रि भयो भनेर एकिन हुन समिएन । अत नगरपालिकाले अनुगमन तथा छानविन गरेर एकिन गर्नुपर्दछ । 6. कृषक संग सम्पर्क गरेर बुझ्न सकिएन : कृषकले बाख्रा बुझेको भर्पाईमा कुनै पनि कृषकको सम्पर्क नम्बर उल्लेख नगरेकोले कृषकले बाख्रा वुझे वुझेनन्, तथा औषधी, दाना तथा घासको विउ वुझे वुझेनन् एकिन गर्न सकिएन । अतः गाँउपालिकाले अनुगमन गरेर एकिन गर्नु पर्दछ । (३) चौतारा दलित बस्ती बाख्रापालन (प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम) : प्रदेश सरकारबाट बाख्रापालन गर्नको लागि रु. ५,००,००० विनियोजन भएकोमा चौतरा दलित वस्ती, स.न.पा-११ डिभर्ना मा चौतारा दलित वस्ती बाख्रापालन समुह संग ४३ बाख्रा प्रति बाख्रा ११,५०० को दरले र १ बोका ३०,००० का दरले र व्यवस्थापन खर्चमा २५५०० गरी जम्मा ५,५०,००० मध्ये कृषक समुहले रु. ५०,००० र कार्यालय वाट रु. ५००,००० व्योर्ने गरिसम्झौता भएकोमा निम्न पाईयो 1. कार्यविधि नवनाई कार्यक्रम संचालन गरेको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ (३) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । सन्धिखर्क नगरपालिकाले यस कार्यक्रम संचालन गर्दा के प्रकृया अपनाएर खर्च गर्ने, कृषक समुहले कुन अनुपातमा लागत साझेदारी गर्ने जस्ता विषयमा कार्यविधि नवनाई कार्यक्रम संचालन भएको छ । यसरी कार्यविधि नबनाई कार्यक्रम संचालन गर्दा कार्यमा एकरुपता नआउने तथा तोकिएको उदेश्य बमोजिम कार्यक्रम संचालन हुन नसक्ने हुन्छ । नगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधि गराएर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ । 2. एकमुष्ठ खरिद नभएको : सम्झौता गर्दा खरिद कार्य कसले गर्ने भन्ने सम्बन्धमा खुलाएको पाईदैन । समूहले विभिन्न बाख्रा फर्म वाट ४३ वटा बाख्रा प्रति बाख्रा रु. ११,५०० का दरले र १ वटा बोका प्रति बोका रु. ३०,००० का दरले जम्मा रु. ५,२४,५०० को खरिद गरेको छ । नगरपालिकावाट कृषक सहकारिलाई विल भर्पाईको आधारमा रकम भूक्तानी भएको छ । बाख्रा खरिद गर्दा कृषकले छुट्टा छुट्टै खरिद गरि विल पेश गरेको छन् । बाख्रा खरिद गर्दा गाँउपालिकाले एकमुष्ठ खरिद गर्नुपर्ने तथा सम्झौता मा उल्लेख गरी कृषक सहकारीले एकमुष्ठ	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खरिद गर्नुपर्दछ । जसले खरिदमा प्रतिस्पर्धा कायम गरी खरिद कार्य मितव्ययी वन्दछ । नगरपालिका तथा कृषक सहकारिले यस तर्फ ध्यान दिनुपर्दछ । 3. बाख्राको तौल निर्धारण नभएको : लागत अनुमान तयार गर्दा बाख्रा प्रति गोटा का आधारमा दर निर्धारण गरेको छ, कति तौलको बाख्रा खरिद गर्ने हो उल्लेख छैन । लागत अनुमान मा ४३ बाख्रा प्रति बाख्रा ११,५०० र १ बोका प्रति बोका ३०,००० निर्धारण गरेको छ । कृषक समुहले सोही परिमाण सोही दरमा बाख्रा खरिद गरेको पाईयो । बाख्रा तोकिएको तैल अनुसार खरिद भए भएनन् खुल्दैन साथै सवै बाख्रा एउटै दरमा खरिद गरेको व्यवहारीक देखिदैन । नगरपालिकाले लागत अनुमान तयार गर्दा बाख्राको तौल अनुसार भूक्तानी हुने गरी गर्नुपर्दछ र बाख्रा खरिद गर्दा तौल खुल्ने गरी गर्नुपर्छ । 4. स्वास्थ्य परीक्षण नभएको : बाख्रा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य बाख्रा मात्र खरिद गर्नुपर्ने मा कृषकले खरिद गर्दा बाख्रा को स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन । 5. विल अनुसार खरिद नगरेको : चौतारा दलित बस्ती बाख्रापालन समितिले निम्न विल वाट बाख्रा खरिद गरेकोमा सम्बन्धित फर्म लाई फोन गरेर सोधनी हुदा विक्रि सम्बन्धित समितिलाई बिक्री नगरेको जानकारी आएको । पछी नगरपालिकाले सम्वन्धित समिति, बाख्री विक्री गरेको फर्म, र कृषक समुहलाई आब्हान गरेर लेखापरीक्षक संग छलफल गर्दा सम्बन्धित फर्मले विभिन्न ठाउ वाट बाख्रा संकलन गरेर उपभोक्ता समितिलाई आफ्नो फर्म वाट वेचेको व्यहोरा उल्लेख भएको थियो ।उक्त छलफलमा सवै कृषकको संलग्नता भने थिएन । फोन गर्दा र छलफलको क्रममा सम्बन्धित फर्म वाट फरक फरक धारणा आएकोले बाख्रा खरिद गरेर बिक्रि भयो भनेर एकिन हुन समिएन । अत नगरपालिकाले अनुगमन तथा छानविन गरेर एकिन गर्नुपर्दछ । 6. कृषक संग सम्पर्क गरेर बुझ्न सकिएन : कृषकले बाख्रा बुझेको भर्पाईमा कुनै पनि कृषकको सम्पर्क नम्बर उल्लेख नगरेकोले कृषकले बाख्रा वुझे वुझेनन्, तथा औषधी, दाना तथा घासको विउ वुझे वुझेनन् एकिन गर्न सकिएन । अतः गाँउपालिकाले अनुगमन गरेर एकिन गर्नु पर्दछ ।	
२१			**शिक्षा तर्फ संघिय हस्तान्तरण कार्यक्रम**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम : दिवा खाजा कार्यक्रम अन्तर्गत यस नगरपालिका सामुदायिक विधालयलाई विभिन्न भौचर वाट जम्मा रु. ९७,६९,०३० रकम भूक्तानी भएकोमा निम्न पाईयो

<table>
<tr><td>क्र.म</td><td>गौ.भौ.नं.</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>११२/२०७८/११/२६</td><td>१,०५,६००</td></tr>
<tr><td>२</td><td>९६/२०७८/११/९</td><td>४३,०३,९९५</td></tr>
<tr><td>३</td><td>२९९/२०७९/३/२०</td><td>५३,५९,४३५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९७,६९,०३०</td></tr>
</table>

1. विधार्थिको हाजिरी पेश नभएको : कार्यक्रम कार्यान्वयन पुष्तिका २०७८/२०७९ को क्रियाकलाप नं. ७.१ मा स्थानिय तहले दिवा खाजा उपलब्ध गराइएका विधालयको विधार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विधालयका प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहका सङ्कलन गरि सङ्ख्या एकिन भए पश्चात मात्र निकास दिने व्यवस्था रहेको छ । विधालयले नगरपालिकामा विधालयमा उपस्थित विधार्थिको एकमुष्ट प्रमाणित गरी पेश गरेको छ, जसमा विधालयका जम्मा विधार्थि लाइ विधालय खुलेको दिन ले गुणन गरी एकमुष्ट रकम निकालि पेश भएको छ । विधालयमा कुनै दिन विधार्थि अनुपस्थित भएको भए सोको जानकारी खुलाएको छैन । यसरी पेश गर्दा विधालयमा उपस्थित नभएको विधार्थिको समेत निकास हुने हुँदा विधार्थिको दैनिक हाजिरी प्रमाणित गरी पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>(१) कोभीड- १९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम : कोभिड १९ बाट प्रभावित विधार्थिलाई शिक्षण सिकाइमा सहजता ल्याउनको लागी " अभिभावकको सहयोगमा बालबालिकालाई घरमा नै गराउन सकिने सिकाइ क्रियाकलापहरु " नामक पुष्तक आइडीया डिजाईनर्स एण्ड अफसेट प्रेस वाट १५०० पुष्तक रु. ४,९९,९९१.१० (भ्याट सहित) छापेकोमा निम्न पाईयो</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			1. मौज्दातमा रहने गरी पुष्तक छापेको : १५०० पुष्तक असार-१७ मा छापाई गरेकोमा मंशिर- १५ सम्ममा पनि विभिन्न विधालयमा जम्मा ६७१ मात्र वितरण गरेको पाईयो, ८२९ पुष्तक नगरपालिका मा नै मौज्दात रहेको छ । यसरी विधालयमा वितरण नगर्ने तथा आवश्यक नै नरहेको अनावश्यक पुष्तक छपाई गर्दा नगरपालिकालाई आर्थिक भार पर्ने हुदा खर्च गर्दा वास्तविकतामा आधारीत भएर मात्रै गर्नुपर्दछ । (२) विधालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (छनोट भएका विधालय): यस कार्यक्रम श्री जनज्योती माध्यमिक विधालय स.न.पा-२ लाई फर्निसिङ, किताव खरिद, तथा इ-पुस्तकालय समेत खरिद गर्नको लागी रु.६,४०,०८८ (कर बाहेक) विनियोजन भई कार्यक्रम संचालन भएकोमा निम्न पाईयो । 1. लागत अनुमान तयार नगरी खरिद गरेको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा नगरपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । विधालयमा पुस्तकालय स्थापन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत श्री जनज्योती माध्यमिक विधालय स.न.पा-२ ले उक्त कार्यक्रमको प्रस्तावना तथा लागत अनुमान तयार नगरी विधालयको सामाग्री खरिद गरेकोमा खरिद कार्य नियम संगत नदेखिएको । अत विधालयले खरिद कार्य गर्दा कानुन बमोजिम गर्नुपर्दछ । (३) शिक्षण सिकाइमा आइ. सि.टी प्रयोग : यस कार्यक्रम कम्प्युटर, इन्टरनेट, कनेक्टीभीटी, तथा किट्स समेत खरिद गर्नको निम्न विधालय लाई अनुदान उपलब्ध गराइ कार्यक्रम संचालन गरेकोमा निम्न पाईयो क्र.म | विधालय | अनुदान रु. (कर बाहेक) १ | श्री युवावर्ष जनता रविचित्र मा.वि | ६,३९,१५१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see below)	

२	भृकुटी आ. वि. विधालय	६,३९,८४३
	जम्मा	१२,७८,९९४

1. लागत अनुमान तयार नगरी खरिद गरेको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा नगरपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । उक्त विधालयहरुले कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्ययोजना तथा कार्यक्रमको प्रस्ताव र लागत अनुमान तयार नगरी वजेट खर्च गरेको पाइयो । विधालयले खरिद कार्य गर्दा लागत अनुमान तथा कार्ययोजना तयार गरेर सोही अनुसार मात्र खरिद गर्नुपर्दछ ।

(४) विधालय विज्ञान प्रयोग शाला : यस कार्यक्रम जिवनोद्वार माध्यमिक विधालय स.न.पा-५ लाई विज्ञान प्रयोशाला निर्माण गर्न तथा सामाग्री खरिद गर्नको लागी रु.६,४१,१६१ (कर बाहेक) अनुदान उपलब्ध गराइ कार्यक्रम संचालन गरेकोमा निम्न पाईयो ।

1. लागत अनुमान तयार नगरी खरिद गरेको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा नगरपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । उक्त विधालयहरुले कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्ययोजना तथा कार्यक्रमको प्रस्ताव र लागत अनुमान तयार नगरी वजेट खर्च गरेको पाइयो । विधालयले खरिद कार्य गर्दा लागत अनुमान तथा कार्ययोजना तयार गरेर सोही अनुसार मात्र खरिद गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(५) सामुदायिक विधालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन : सामुदायिक विधालयका छात्रा हरुलाई उपलब्ध गराउने उदेश्यले यस गाँउपालिकावाट खरिद गरी सवै सामुदायिक विधालयमा ३६०० प्याकेट हस्तान्तरण गरेकोमा निम्न पाईयो । 1. वुझेको भर्पाई पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । प्रत्येक विधालय वाट स्यानिटरी प्याड वितरण गरेको भर्पाई पेश भएको पाईएन । विधालयवाट वितरणको भर्पाई पेश नहुदा कार्यविधिमा उल्लेख गरे अनुसार विधार्थिलाई वितरण भयो भएन खुल्दैन । गाँउपालिकाले विधालयवाट वितरण भएको प्याडको भर्पाई माग गरी विधालयलाई हस्तान्तरण भएको र वितरण भएको संख्या एकिन गर्नुपर्दछ ।	
२२			**समानिकरण अनुदान वाट शिक्षकको तलव भलव भत्ता** समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७४ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट अर्घारजस्थल मा वि मा रु १८०००० र ज्ञान प्रकाश मा वि मा रु १८०००० गरी जम्मा रु ३६०००० तलब भत्ता भुक्तानी गरेको नियम संगत नभएको रु.	३६०,०००
२३			**कृषि तर्फ**	
२३.१			साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास निरन्तरता कार्यक्रम स.न.पा-६ : संघीय शशर्त अनुदान तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सन्धिखर्क नगरपालिका-१ को साना व्यवसायिक कृषि उत्पादन निरन्तरता कार्यक्रम शिर्षकको बजेटवाट तरिकारी पकेट विकास कार्यक्रम संचालन	६००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
गर्न नरपानी तरकारी पकेट संचालन समन्वय समिती स.न.पा-६ संग नगरपालिका वाट रु. ६,००,००० अनुदान उपलब्ध गराउने र कृषक समुह वाट रु. ६,००,००० व्यहोर्ने गरी सम्झौता भई कार्यान्वयन भएको मा निम्न पाईयो ।

1. मूल्य अभिवृद्धिकर दर्ता नभएको फर्म वाट सामाग्री खरिद: श्री नरपानी तरकारी पकेट संचालन समन्वय समिति स.न.पा.-६ सन्धिखर्क सँग मिति २०७८/०९/१२ मा नगरपालिकाले गरेको सम्झौताको वूदाँ नं. ५ मा कार्यक्रम गर्दा आन्तरीक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म वा संस्था वा कम्पनीबाट खरिद गरी सोहि अनुसारको विलभरपाई आधिकारीक निकाय वाट प्रमाणित गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त समूहले केही सामाग्री मूल्य अभिवृद्धी करमा दर्ता नभएका फर्मवाट खरिद भएकोमा नियम संगत नदेखिएको छ । अतः कृषक समूहले खरिद गर्दा सम्झौता बमोजिम गर्नुपर्दछ ।

<table>
<tr><th>क्र.म</th><th>फर्मको नाम</th><th>सामाग्री</th><th>परिमाण</th><th>खरिद दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>पन्थी एग्रोभेट</td><td>बीउ मल विषादी हार्मोन</td><td>ल स</td><td>एकमुष्ट</td><td>२०१३३०</td></tr>
<tr><td>२</td><td>महिमा स्टोर</td><td>भेज क्या</td><td>१२</td><td>५२५</td><td>६३००</td></tr>
<tr><td>३</td><td>अषोक बा कृ स</td><td>रा मल</td><td></td><td></td><td>३८०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२४५६३०</td></tr>
</table>
2. सोझौ खरिद गरेको: सम्झौताको वुँदा नं. ६ बमोजिम खरिद गर्दा कम्तिमा ३ वटा फर्म संग दररेट माग गरी न्यूनतम दर मूल्याकंन गरी खरिद गर्नुपर्ने उल्लेख गरेकोमा नरपानी पकेट संचालन समितिले विभिन्न मितिमा विभिन्न कृषी सामाग्री विभिन्न फर्म वाट सोझौ खरिद गरेको पाईयो । यसरी सम्झौता विपरीत खरिद गरेको नियम संगत नदेखिएको रु
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			3. कृषकले वुझेको भर्पाई पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारिले प्रमाणीत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्धारा स्विकृत गरी राख्नुपर्ने व्यवस्था रहेको छ । नरपानी तरकाली पकेट संचालन समन्वय समितिले विभिन्न कृष समूह तथा फर्महरुलाई विभिन्न कृषी सामाग्री वितरण गरेको मा समष्टीगत सामाग्रीको उक्त कृषक समूह तथा फर्महरुको अध्यक्ष तथा संचालनकले वुझेको भर्पाई मात्र पेश भएको छ । उक्त कृषक समुहले कृषकलाई वितरण भएको भर्पाई पेश भएको छैन जसले कृषकले कृषि सामाग्री पाएको एकिन हुन सक्दैन । अत उक्त कृषक समूहले निम्न सामाग्री वितरण गरेको भर्पाई पेश हुनुपर्दछ ।	

क्र.म	कृषी सामाग्री	खरिद दर	परिमाण	जम्मा	वुझेको कृषक समूह
१	तरकारी बीउ	ल स		१४०९३०	१६ वटा समुह
२	किट ढुसि तथा जैविक मल	ल स		६०४००	१६ वटा समुह
३	क्यारेट खरिद	५२५	१२	६३००	६ वटा समुह
४	काटा	३५००	३	१०५००	३ वटा समुह
५	प्लाष्टिक टनेल	४०००	४०	१६००००	१२ वटा समुह
६	मल्चिङ प्लाष्टिक	४६००	२०	९२०००0	जन जागृति र भुवनडाडा कृ स

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>व्याट्रि स्प्रेयर</td><td>४०००</td><td>१</td><td>४०००</td><td>नरपानी खाचिकोट कृ फर्म</td></tr>
<tr><td>८</td><td>ग्रिन नेट</td><td>५५००</td><td>८</td><td>४४०००</td><td>जनजागृति कृ स र नर्तनान्चल कृषक समुह</td></tr>
<tr><td>९</td><td>मिनिटिलर</td><td>६५०००</td><td>१०</td><td>६५००००</td><td>भुननडाडा कृ स
मेहनती कृ स
किसानकोट कृ स
जनचेतना कृ स</td></tr>
<tr><td>१०</td><td>हाते स्प्रेयर</td><td>२५०</td><td>१००</td><td>२५०००</td><td>१० वटा समुह</td></tr>
<tr><td>११</td><td>म्यानुवल स्प्रेयर</td><td>२३००</td><td>३</td><td>६९००</td><td>३ वटा समुह</td></tr>
<tr><td>१२</td><td>डिजिटल काटा</td><td>१०५००</td><td>१</td><td>१०५००</td><td>अर्घा नरपानी कृ प फर्म</td></tr>
<tr><td>१३</td><td>ठेला गाडा</td><td>८६००</td><td>१</td><td>८६००</td><td>भट्टराई कृषि फर्म</td></tr>
<tr><td>१४</td><td>हाते हजारी</td><td>३१५</td><td>१३</td><td>४०९५</td><td>८ वटा समुह</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>(१) साना व्यवसायी कृषि उत्पादन केन्द्र बालीमा पकेट विकास निरन्तरता कार्यक्रम स.न.पा.-८,२ : संघीय शशर्त अनुदान तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सन्धिखर्क नगरपालिका-८, २ को साना व्यवसायिक कृषि उत्पादन केन्द्र बालीमा पकेट विकास कार्यक्रम मा आलु पकेट संचालन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
समन्व समिति संग कार्यलाय वाट रु. ६,००,००० अनुदान उपलब्ध गराउने र कृषक समुह वाट रु. ६,०३,४०० व्यहोर्ने गरी सम्झौता भई कार्यान्वयन भएको मा निम्न पाईयो ।

मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको : श्री आलुपकैट कार्यक्रम संचालन समन्वय समिती स.न.पा-८,२ ले विभिन्न कृषी सामाग्री खरिद गर्दा सम्झौताको वुदाँ नं. ५ अनुसार राजश्ज कार्यालय वाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धीकर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ती, सँस्था वा कम्पनी वाट खरिद गर्नुपर्ने मा केही सामाग्री मूल्य अभिवृद्धि कर दर्ता नभएका विभिन्न फर्मवाट खरिद गरेको नियम संगत नदेखिएको । अतः कृषक समुहले सामाग्री खरिद गर्दा सम्झौता बमोजिम गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.म</th><th>फर्मको नाम</th><th>सामाग्री</th><th>परिमाण</th><th>खरिद दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>आचार्य एग्रोभेट</td><td>किटनासक</td><td>ल स</td><td>एकमुष्ठ</td><td>८०,०००</td></tr>
<tr><td>२</td><td>ग्रिनहिल कृ.स.स.लि</td><td>रासायनिक</td><td>ल स</td><td>एकमुष्ठ</td><td>९३,२५०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१,७३,२५०</td></tr>
</table>

कृषकले वुझेको भर्पाई पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारिले प्रमाणीत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्धारा स्विकृत गरी राख्नुपर्ने व्यवस्था रहेको छ । श्री आलुपकैट कार्यक्रम संचालन समन्वय समिती स.न.पा-८,२ विभिन्न कृष समूह तथा फर्महरुलाई विभिन्न कृषी सामाग्री वितरण गरेको मा समष्टीगत सामाग्रीको उक्त कृषक समूह तथा फर्महरुको अध्यक्ष तथा संचालनकले वुझेको भर्पाई मात्र पेश भएको छ । उक्त कृषक समुहले कृषकलाई वितरण भएको भर्पाई पेश भएको छैन, कृषकले कृषी सामाग्री पाए नपाएको एकिन हुन सकेन । अत उक्त कृषक समूहले कृषकलाई वितरण गरेको भर्पाई पेश हुनुपर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क्र.म	कृषी सामाग्री	खरिद दर	परिमाण	जम्मा	वुझेको कृषक समूह
१	आलुको बीउ बीउ	५५		६६०००	६ वटा समुह र १२ फर्म
२	किट ढुसि तथा जैविक मल	ल स		८००००	६ वटा समुह र १२ फर्म
३	क्यारेट खरिद	५००		२००००	१७ जना कृषक
४	काटा	९०००		११७०००	१३ वटा कृषक
५	पावर स्प्रेयर	१५		६००००	१५ वटा समुह
६	डि.ए.पि.	१५००		७०५००	६ वटा समुह र १२ फर्म
७	पोटास	६५०		२२७५०	६ वटा समुह र १२ फर्म

(२) साना व्यवसायी कृषि उत्पादन (पकेट) विकास कार्यक्रम : संघीय शसर्त अनुदान तर्फको साना व्यवसायीक कृषि उत्पादन कार्यक्रम अन्तर्गत नया तरकालि पकेट विकासको लागी तरकाली पकेट समन्वय समिति स.न.पा-१० संग कार्यलयले रु. १२,००,००० अनुदान उपलब्ध गराउने र कृषक समितीले रु. १२,००,००० खर्च व्योहोर्ने गरी सम्झौता भएकोमा निम्न पाईयो ।

1. लागत अनुमान तयार गर्दा एकमुष्ठ लागत निर्धारण गरिएको: कृषक समूहले निम्न समूहको लागत अनुमान तयार गर्दा एकिकृत लागत अनुमान तयार गरेको छ । तरकारीको बिउ खरिद अन्तर्गत काक्रा, वोडी, सिमि लगायत खरिद गरिएको छ । निम्न सामाग्रीको लागत

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अनुमान तयार गर्दा परिमाण उल्लेख नगरी मूल्य मात्र उल्लेख गरिएको छ । अतः लागत अनुमान तयार गर्दा सामागीको परिमाण उल्लेख गरेर मात्र लागत निर्धारण गर्नुपर्दछ

क्र.म	सामाग्री	लागत अनुमान	कार्यालयले व्योहोर्ने	कैफियत
१	तरकारीको विउ	५,00,000	2,5०,000	तरकारीको परिमाण उल्लेख नभएको, एकिकृत राखिएको
२	रासायनिक मल	२,00,000	१,00,000	परिमाण उल्लेख नभएको
३	किटनासक विषादि	१,00,000	50,000	परिमाण उल्लेख नभएको

2. मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको: श्री तरकारी पकेट) कार्यक्रम संचालन समन्वय समिती स.न.पा-१० ले विभिन्न कृषी सामाग्री खरिद गर्दा सम्झौताको वुदाँ नं. ५ अनुसार राजश्ज कार्यालय वाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धीकर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ती, सँस्था वा कम्पनी वाट खरिद गर्नुपर्ने मा केही सामाग्री मूल्य अभिवृद्धि कर दर्ता नभएका विभिन्न फर्मवाट खरिद गरेको छ, जुन निम्न छन्

क्र.म	फर्मको नाम	सामाग्री	परिमाण	खरिद दर	जम्मा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	आचार्य एग्रोभेट सेन्टर	बीउ मल विषादी हार्मोन	ल स	एकमुष्ट	३३५७७०
२	न्यू भुसाल एग्रोभेट	बीउ मल विषादी हार्मोन	ल स	एकमुष्ट	१३३१००
३	वन्जाडे भेट सेन्टर	बीउ मल विषादी हार्मोन	ल स	एकमुष्ट	३८०००
४	भुसाल एग्रोभेट	बीउ मल विषादी हार्मोन	ल स	एकमुष्ट	१११२५०
५	पन्थी एग्रोभेट सेन्टर	बीउ मल विषादी हार्मोन	ल स	एकमुष्ट	२४०००

3. कृषकले वुझेको भर्पाई पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारिले प्रमाणीत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्धारा स्विकृत गरी राख्नुपर्ने व्यवस्था रहेको छ । श्री आलुपकैट कार्यक्रम संचालन समन्वय समिती स.न.पा-८,२ विभिन्न कृष समूह तथा फर्महरुलाई विभिन्न कृषी सामाग्री वितरण गरेको मा समष्टीगत सामाग्रीको उक्त कृषक समूह तथा फर्महरुको अध्यक्ष तथा संचालनकले वुझेको भर्पाई मात्र पेश भएको छ । उक्त कृषक समुहले कृषकलाई वितरण भएको भर्पाई पेश भएको छैन, कृषकले कृषी सामाग्री पाए नपाएको एकिन हुन सकेन । अत उक्त कृषक समूहले कृषकलाई वितरण गरेको भर्पाई पेश हुनुपर्दछ ।

क्र.म	कृषी सामाग्री	खरिद दर	परिमाण	जम्मा	वुझेको कृषक समूह

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>तरकारी बीउ</td><td>ल स</td><td></td><td>४९९८७०</td><td>३ वटा समुह २९ फर्म अन्य ८० जना कृषकलाई</td></tr>
<tr><td>२</td><td>किट ढुसि तथा हार्मोन</td><td>ल स</td><td></td><td>९९२५०</td><td>३ वटा समुह २९ फर्म अन्य ४० जना कृषकलाई</td></tr>
<tr><td>३</td><td>पिटमस खरिद</td><td>१२५</td><td>८००</td><td>१००००</td><td>३ वटा समुह २९ फर्म</td></tr>
<tr><td>४</td><td>मिनिटिलर</td><td>५५०००</td><td>१७</td><td>९३५०००</td><td>३ वटा समुह १४ वटा फर्म</td></tr>
<tr><td>५</td><td>प्लाष्टिक टनेल</td><td>३१५०</td><td>७६</td><td>२३९४००</td><td>३ वटा समुह १४ वटा फर्म</td></tr>
<tr><td>६</td><td>मल्चिङ प्लाष्टिक</td><td>३८००</td><td>५</td><td>१९०००</td><td>३ वटा समुह १४ वटा फर्म</td></tr>
<tr><td>७</td><td>पावर स्प्रेयर</td><td>३६००</td><td>१७</td><td>६१२००</td><td>३ वटा समुह १४ वटा फर्म</td></tr>
<tr><td>८</td><td>ग्रिन नेट</td><td>२५००</td><td>१५</td><td>३७५००</td><td>१ वटा समुह ८ वटा फर्म</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

९	डिजिटल काटा	३१५०	१२	३७८००	१ वटा समुह ८ वटा फर्म
१०	थाक्रे नेट	१५००	२३	३४५००	१ वटा समुह ८ वटा फर्म
११	हजारी	३५०		६९००	३ वटा समुह
१२	ड्रम	३५०	१०	३५००	३ वटा समुह
१३	जैविक मल	९००	२२०	१९८०००	३ वटा समुह १४ वटा फर्म
	जम्मा				

(३) उन्नत बिउ उपयोग मूल्य अनुदान: गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढ बनाउन संघीय सरकार वाट हस्तान्तरीत कायक्रम वाट विनियोजित रु. १२,००,००० मध्ये रु. ६,००,००० कार्यालयले व्योहोर्ने र रु. ६,००,००० कृषकले व्योहोर्ने गरी १६ हजार के.जी प्रति के.जी ७५ को दरदे गहूँको उन्नत विउ खरिद गरी वितरण गरेकोमा निम्न पाईयो ।

1. डेसि निर्माण र संचालन नभएको : बिउ बिजन उत्पादन, आपूर्ति तथा व्यस्थापन निर्देशिका, २०७८ को दफा ६ मा बिउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण एवम् सोको लागि उपलब्धगराउने उन्नत बिउ को वासालत र अनुदान वितरणलाई व्यवस्थित गर्न डेसिस को निर्माण गरी सञ्चालन गर्नुपर्ने तथा अनुदान प्राप्त गर्न चाहाने बीउ बिजन प्रयोगकर्ता कृषकले अनिवार्यरुपमा डेसिसमा दर्ता हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा कृषकको माग को विवरण डेसिसमा प्रविष्ट गरेको छैन । अतः नगरपालिकाले निर्देशिकाले तोके बमोजिम कृषकको मागको विवरण डेसिसमा प्रविष्ट गराएर बीउ वितरण कार्यलाई प्रभावकारी वनाउनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			2. निर्देशिका बिपरीत खरिद: यस्तै उक्त ऐनको दफा ५ को (छ) मा स्थानिय तह स्वंयमले बीउ बिजन वितरण गर्ने भएमा तोकिएका उन्नत बीउ आपूर्ति गर्ने स्रोत केन्द्र वा आपूर्तिकर्ता वाट तोकिएको स्थान सम्मको बिउ ढुँवानी गराई कृषकहरुलाई प्रादेशिक मन्त्रालयको सिफारिसमा समितिले निर्धारण गरेको मूल्यमा वा सो मूल्यमा जिल्ला दररेट अनुसारको ढुँवानि भाडा समेत जोडी कायम हुने मुल्यमा उपलब्ध गराउन सक्ने व्यवस्था रहेकोमा यस नगरपालिकावाट १६ हजार के.जी गँहुको उन्न बिउ प्रति के.जी रु ७५ को दरले जम्मा रु. १२,००,००० (१२ लाख) को खरिद मा प्रादेशिक मन्त्रालयले तोकेको मूल्यमा बिउ खरिद नगरी आफै टेण्डर मार्फत खरिद गरेको पाईयो । नगरपालिका कृषि विउ विजन वितरण गर्दा निर्देशिका बमोजिम गर्नुपर्दछ । 3. अनुगमन र मूल्यांकन नभएको : बिउ बिजन उत्पादन, आपूर्ति तथा व्यस्थापन निर्देशिका, २०७८ को दफा १७ मा कार्यक्रमको मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रादेशिक मन्त्रालय र मातहतका निकायहरु तथा स्थानिय तहले उक्त कार्यक्रमको समय समयमा अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकावाट बिउ बितरण कार्यक्रमको सन्दर्भमा अनुगमन मूल्यांकन गरेको पाइएन ।	
२४			**उपभोक्ता समितिको काम निर्माण व्यवसायीवाट** **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टवाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले लिएको काम निर्माण व्यवसायीको कर विजक संलग्न गरी विल पेश गरेको आधारमा भुक्तानी गरेको छ । उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराउने कार्य नियम सम्मत भएन । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :	

उपभोक्ता समिति र कामको विवरण	विजक पेश भएको निर्माण व्यवसायी	विजक रकम	भुक्तानी रकम
सनपा ३ का सम्पूर्ण मोटरबाटाहरु मर्मत उपभोक्ता समिति	पशुपति कन्स्ट्रक्सन	३,९५,९९४	५,८२,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>खत्रिकादिप खेल मैदान निर्माण म्याचिङ्ग समेत उपभोक्ता समिति</td><td>पशुपति कन्स्ट्रक्सन</td><td>४,४०,७६४</td><td>३,८८,०००</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मिलमिले सल्लीकोट लिफ्ट खानेपानी आयोजना उपभोक्ता समिति

खानेपानीमा जनश्रमदानका लागि पालिकावाट भुक्तानी : गो.भौ. १२८।०७८।०९।०२ र गो.भौ. ९२८।०७९।०३।२५ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसारको लागत सहभागिता उपभोक्ता स्वयंम वाट योगदान हुनुपर्दछ । यस पालिका र मिलमिले सल्लीकोट लिफ्ट खानेपानी आयोजना उपभोक्ता समिति विच खानेपानी पाइप वितरण (पाइप खन्ने पुर्ने कार्य) वापत मिति २०७९।३।२० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।६।१७ मा सम्झौता भएको छ । यस पाइप खन्ने पुर्ने कार्य र धारा जडान कार्यको लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सन्धिखर्कसँग उपभोक्ता समितिले जनश्रमदान गर्ने गरी सम्झौता भएको छ । हालसम्म खानेपानी पाइप १४०३५ र.मी. का लागि २३२९.५१ घ.मी. को खन्ने पूर्ने कार्यका लागि रु २०,२५,०००।०० र धारा जडान वापत रु १३,००,०००।०० गरी जम्मा रु ३३,२५,०००।०० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले वोरिङ्ग, ओभरहेड टंकी, पम्प हाउस, कार्यालय भवन, प्रशारण लाइन र वितरण लाईनका लागी खानेपानी पाइप उपलब्ध गराउने र उपभोक्ताले पाइपको खन्ने पूर्ने कार्यको लागि जनश्रमदान गर्ने गरी सम्झौता भएको हुन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सँग जनश्रमदान गर्ने गरी सम्झौता गरी पालिकावाट जनश्रमदान वापत योगदान गर्नुपर्ने रकम लिई काम गरेको देखियो । एक निकायसँग जनश्रमदान गर्नेगरी सम्झौता गरी अर्को निकायसँग रकम निकासालिई जनश्रमदानवाट गर्नुपर्ने काम गरेकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु...</td><td>३,३२५,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>उपभोक्तावाट सामान खरिद

उपभोक्तावाट सामान खरिद र वितरण : गो.भौ. ३७०।०७८।१२।०२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिवाट निर्माण कार्य र सो सम्वन्धी कार्य गराउन सकिने व्यवस्था छ । यस पालिका र सनपा ७ भित्रका माध्यमिक विधालयका सम्पूर्ण बिधार्थीलाई पोशाक बितरण उपभोक्ता समिति वीच रु ४,८०,०००।०० को मिति २०७८।१२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७८।९।२८ मा सम्झौता भएको छ । पोशाक खरिद वापत उपभोक्ता समितिलाई रु ४,८०,०००।०० भुक्तानी भएको छ । गोविन्द गिफ्ट एण्ड फेन्सी स्टोर्स अर्घाखाची (३०१७७८५१६) को</td><td>४८०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विजक नं. ११९।०७८।११।१३ को कर विजक रकम रु ४,८०,२२३।१४ संलग्न गरी भुक्तानी भएको छ । उक्त फर्म आयकरमा आ.व. २०७७।७८ मा नन फाइलर देखिएको छ भने आ.व. २०७६।७७ को मात्र कर चुक्ता गरेको देखिएको छ । मू.अ.कर वापत रु ५५,२४७।१४ भुक्तानी भएको छ । उपभोक्ता समितिवाट कपडा खरिद गरी विधार्थिलाई वितरण गर्ने कार्य नियम सम्मत भएन रु...	
२७			**ठे.नं. २५।०७८।०७९**	
२७.१			ठे.नं. २५।०७८।०७९ शिलवन्दी दरभाउपत्र ज्ञान प्रकाश मा.वि.(दुई कोठे) भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी त्रिवेणी कन्स्ट्रक्सन वीच कवोल अंक रु १४,५३,५५७।१३ (मू.अ.कर समेत) को मिति २०७९।०३।३० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।१२।१८ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **क. एज विल्ट ड्रइङ्गस :** गो.भौ. १२९।०७९।०३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको अन्तिम विल वापत रु ११,८०,९९२।०० भुक्तानी भएको छ । एज विल्ट ड्रइङ्गस वापत रु ३७,५९६।००(मू.अ.कर वाहेक) भुक्तानी भएकोमा एज विल्ट ड्रइङ्गस पेश भएन । अत: एज विल्ट ड्रइङ्गस पेश हुनुपर्ने रु....	३७,५९६
२७.२			**ख. नापी परिमाण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस निर्माण कार्यको आइटम नं. २ फलामे डण्डीको कार्यको नापी कितावमा नापी परीमाण आरसीसी परिमाणको २.७५% एकमुष्ट कायम गरी २५५८.७९ के.जी. परिमाण कायम गरी रु ४,०७,६४८।४३ (मू.अ.कर समेत) भुक्तानी दिएको छ । फलामे डण्डीको विस्तृत नापी परिमाण पेश भएको छैन् । फलामे डण्डीको वास्तविक खपत भएको परिमाण सम्वन्धमा एकिन हुन सकिएन । उक्त फलामे डण्डीको परिमाण एकिन गरी प्रमाण पेश हुनुपर्ने रु.....	४०७,६४८
२८			**आय ठेक्का** आय ठेक्काः पालिकाले यो वर्ष देहाय अनुसार नदीजन्य ठेक्का लगाई आय संकलन गरेकोमा देहायका व्यहोरा देखिएका छन् ।	१५९,१०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ठेक्का नं ३- जरेखोला नदिजन्य पदार्थ उत्खननः कार्यालयले नदीजन्य पदार्थको ठेक्कामा गिट्टी, बालुवा उत्खनन् गर्ने क्रममा घाटगद्दी गराई मात्र निर्माण व्यवसायीलाई नापजाँच गराई नदीजन्य पदार्थ ढुवानी गर्न दिनुपर्दछ । तर घाटगद्दी नबनाएर नदीजन्य पदार्थको उत्खनन् गर्दा ठेक्कामा तोकेको परिमाण भन्दा ज्यादा उत्खनन् हुने सम्भावना रहने जसले गर्दा पालिकाको आन्तरिक आयमा कमि आउनका साथै वातावरणमा समेत नकारात्मका असर पर्ने हुँदा सो सम्बन्धमा पालिकाले अनुगमन तथा नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी, कार्यालयले आय संकलनमा लगाएको ठेक्का सम्झौताको समयमा दाखिला गर्न बाँकी किस्ताको जमानतका लागि बैंक जमानत लिएको हुनु पर्दछ । तर कार्यालयले निर्धारित समयमा किस्ता नबुझाउँदा जमानत जफत गरी राजश्व असुल गर्न सकेको देखिएन ।पालिकाले जरेखोला नदिजन्य पदार्थ उत्खननका लागि लगाएको ठेक्का श्री दिप कन्स्ट्रक्सन सँग रु. १४०१०१० मा सम्झौता गरेको छ । उक्त सम्झौताको अवधि मिति २०७८।६।१८ देखी २०७९ जेष्ठ मसान्त सम्म रहेको छ। सम्झौताको दफा नं ६ बमोजिम मु.अ.कर समेत गरी कुल रकम रु. १५८३१४१ को दुई किस्ता मध्ये ५० प्रतिशत सुरुमा र बाँकी ५० प्रतिशतका दरले आउने रकम मु.अ.कर सहित ७९१०६६ रकम मिति २०७९ बैशाख मसान्त भित्र बुझाउनुपर्ने भनि उल्लेख गरेको छ । सम्झौतामा उल्लिखित अवधिभित्र निर्माण व्यवसायीले बाँकी रकम पालिकाको खातामा जम्मा नगरेकाले कार्यालयले २०७९।२।१७ मा व्यवसायीलाई बाँकी रकम दाखिला गर्न पत्र लेखेको छ । उक्त रकम निर्माण व्यवसायीले मिति २०७९।३।२ मा मात्र दाखिला गरेको छ । सम्झौता अवधिभन्दा १ महिनाभन्दा पछि दाखिला गरेकाले रु. ७९१०६६ को १० प्रतिशतले हुन आउने रकम ७९१०६ जरिवाना स्वरुप असूल गरिनुपर्दछ । जडीवुटी कवाडी र जीवजन्तु कर संकलन तथा बिक्री सम्बन्धी ठेक्काः पालिकाले जडीवुटी कवाडी र जीवजन्तु कर संकलन तथा बिक्री सम्बन्धी ठेक्का सम्झौता श्री गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्स सन्धिखर्क-१ सँग रु. १६००००० मा गरेको छ । सो सम्झौताको दफा २ अनुसार दोस्रो किस्ताको रकम रु. ८००००० २०७९ साल वैशाख मसान्तसम्म दाखिला गर्ने उल्लेख गरेको छ । व्यवसायीले सम्झौतामा उल्लिखित मितिभित्र दाखिला नगरेमा बैकं जमानतबाट नियमानुसार लाग्ने विलम्व शुल्क सहिन रकम असुल उपर गर्ने उल्लेख गरेको छ । सो मितिमा व्यवसायीले दाखिला नगरेकाले पालिकाले २०७९।२।१७ मा व्यवसायीलाई बाँकी रकम दाखिला गर्ने सम्बन्धमा पत्र लेखेकोमा व्यवसायीले २०७९।३।१ मा बाँकी रकम दाखिला गरेको छ । पालिकाले सम्झौता अनुरुप जरिवाना स्वरुप व्यवसायीसँग रु. ८००००० को १० प्रतिशतले हुन आउने रकम ८०००० असुल गर्नुपर्दछ ।	
२९			**सुरक्षित नागरिक आवास कार्यक्रम**	१८०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सुरक्षित नागरिक आवास कार्यक्रम : गरीवीको रेखामुनि रहेको प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका पराल र खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माण गर्ने उद्देश्यले कार्यक्रम कार्यान्वयन गर्न यस वर्ष कुल रु २८,९०,०००।०० भुक्तानी भएको छ ।
क. आ.व. २०७७।७८ मा पहिलो किस्ता ७१ जनाले भुक्तानी लिएकोमा यस वर्ष ६५ जनाले मात्र पहिलो किस्ताको प्रगतिको आधारमा दोश्रो किस्ता भुक्तानी लिएका छन् । गत वर्ष पहिलो किस्ता भुक्तानी लिएका मध्ये वाँकी निम्नानुसार ६ जनाले पहिलो किस्ताको रकमवाट उद्देश्य अनुसार काम नगरेकाले दोश्रो किस्ताको रकम भुक्तानी नदिएको पालिकाले जानकारी दिएको छ । सरकारले आवास निर्माणका लागि पहिलो किस्ता अनुदान लिएको ६ जनावाट उद्देश्य अनुसारको घर निर्माण गराउने अन्यथा उक्त रकम सम्वन्धित लाभग्राहीवाट असुल हुनु पर्दछ रु........
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>वडा नं.</th><th>पहिलो किस्ता भुक्तानी रु</th></tr>
<tr><td>इन्द्र वहादुर दमाई</td><td>९</td><td>३०,०००</td></tr>
<tr><td>धुवे परियार</td><td>४</td><td>३०,०००</td></tr>
<tr><td>सकुन्तला परियार</td><td>४</td><td>३०,०००</td></tr>
<tr><td>श्याम नेपाली</td><td>२</td><td>३०,०००</td></tr>
<tr><td>भिमवहादुर नेपाली</td><td>२</td><td>३०,०००</td></tr>
<tr><td>सुनिल नेपाली</td><td>२</td><td>३०,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,८०,०००</td></tr>
</table>
अनुदान कार्यको प्रभावकारी अनुगमन हुनु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**ठे.नं. ५०|०७७|०७८ कोल्ड स्टोर भवन निर्माण**	
३०.१			ठे.नं. ५०|०७७|०७८ कोल्ड स्टोर भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लुम्बिनी /अर्घाखाची जे.भी. वीच कवोल अंक रु ७,७९,४७,२०७|९६(मू.अ.कर समेत) को मिति २०७९|१२|१६ मा काम सम्पन्न गर्ने गरी मिति २०७८|०२|२४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. पेश्की जमानतको अवधि : गो.भौ. ३|०७८|०८|०८ खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) अनुसार सम्पन्न गर्नुपर्ने अवधिको ८०% अवधि भित्र पेश्की फर्छ्यौट गर्नुपर्ने र सो अवधिमा थप १ महिना खाम्ने (पेश्की जमानतको न्युनतम अवधि २०७९|०९|१२ सम्मको हुनुपर्ने) पेश्की बैंक जमानत पेश गर्नुपर्नेमा कम अवधि २०७९|०३|२४ को पेश्की जमानत पेश भएको आधारमा रु६६,६४,०००|०० पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । खरिद सम्झौता र खरिद नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।	
३०.२			**ख. नभएको कामको भुक्तानी :** Item no. 1.1. Provide Site office वापत प्रति महिना रु १०,०००|०० का दरले प्रथम रनिङ्ग विलवाट ७ महिनाको रु ७०,०००|००(मू.अ.कर वाहेक) र दोश्रो रनिङ्ग विलवाट ४ महिनाको रु ४०,०००|०० (मू.अ.कर वाहेक) समेत रु १,१०,०००|०० (मू.अ.कर वाहेक) भुक्तानी भएको छ । । पालिकाको नजिकै स्थानमा कोल्ड स्टोर निर्माण भइरहेको र प्राविधिकको लागि साइट अफिस जरुरी नपर्ने र साइट अफिस समेत उपलब्ध नभएको अवस्थामा साइट अफिस उपलब्ध गराए वापत भुक्तानी भएको रकम रु १,२४,३००|००(मू.अ.कर समेत) सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु..	१२४,३००
३१			**ठे.नं. ७|०७८|०७९ चुत्रावेसी-भक्तिटोला-धरम्पानी-अर्घा मैदान सडक स्तरोन्नति कार्य**	
३१.१			ठे.नं. ७|०७८|०७९ चुत्रावेसी-भक्तिटोला-धरम्पानी-अर्घा मैदान सडक स्तरोन्नति कार्यको कवोल अंक रु ६,१९,१७,८९९|७४ (मू.अ.कर समेत) को मिति २०८०|१०|२६ मा काम सम्पन्न गर्ने गरी मिति २०७८|११|०९ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **क. अनुदान खर्च :** समपूरक अनुदान सम्वन्धी (तेश्रो संशोधन) कार्यविधि, २०७७ को वुदा ६(१) मा नेपाल सरकारले प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यविधि अनुसार संघीय श्रोतवाट ५०% र नगरपालिका श्रोतवाट ५०% व्यहोर्नुपर्नेमा नगरपालिका श्रोतवाट भुक्तानी नगरी सवै रकम संघीय श्रोतवाट भुक्तानी दिएको छ । कुल भुक्तानी रु १,९९,७५,१६०.४१ मध्ये नगरपालिका श्रोतवाट रु ९९,८७,५८०|२० भुक्तानी दिनुपर्नेमा सम्पूर्ण रकम संघीय श्रोतवाट भुक्तानी भएकोले संघीय श्रोतवाट	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वढी भुक्तानी भएको छ । यस्तो कार्य वजेट सिद्धान्त विपरीत देखिन्छ । उक्त कार्यक्रमको लागि संघीय श्रोतवाट प्राप्त रकम र पालिका श्रोतवाट भएको लगानी कार्यविधिमा भएको व्यवस्था अनुसार ५०%-५०% हुने गरी खर्च समायोजन हुनु पर्दछ । **ख. कर दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(६) मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सम्वन्धित सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजस्व कार्यालयमा स्थाइ लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता गर्न लगाउनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि मिति २०७८।६।२४ मा शिलवन्दी वोलपत्रको सूचना आव्हान भइ २०७८।७।२३ गते १२ वजे बोलपत्रहरु खोली मुचुल्का तयार गरेको छ । छनोट भएको निर्माण व्यवसायी रायमाझी -जयमाता- खनाल व्रदर्स जे.भी. (६१८१५५६३५) सँग मिति २०७८।११।०९ मा सम्झौता भएको छ । उक्त जे.भी. आन्तरिक राजस्व कार्यालयमा मिति २०७९।०१।२३ मा मात्र आयकर तथा मू.अ.कर दर्ता भएको छ । खरिद सम्झौता भएपछी मात्र आयकर तथा मू.अ.कर मा दर्ता गर्ने कार्य उचित भएन । वोलपत्रको मूल्याङ्कन वाट संयुक्त उपक्रमको छनोट भएमा आन्तरिक राजस्व कार्यालयमा स्थाइ लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता गर्न लगाइ खरिद सम्झौता गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३१.२			ग. कार्यसम्पादन जमानत : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) का कार्यस्पादन जमानतको अंक गणना सम्वन्धि व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार रु रु १,४२,२२,३७२।६७ को कार्यसम्पादन जमानत पेश भई सम्झौता हुनुपर्नेमा रु २२,३७२।६७ घटीको कार्यसम्पादन जमानतको आधारमा खरिद सम्झौता भएको नियम सम्मत भएन । अत : नियम वमोजिम खाम्ने गरी कार्यसम्पादन जमानत पेश गरी खरिद सम्झौता गर्नु पर्दछ रु...	२२,३७२
३१.३			**घ. प्रोभिजनल सममा प्रतिस्पर्धा :** लागत अनुमान मा रहेको प्रोभिजनल सम आइटम पालिकावाट निर्धारण गरेको दर नै निर्माण व्यवसायीले वी.ओ.क्यु. मा कवोल गर्नुपर्नेमा यस निर्माण कार्यको लागत अनुमान भन्दा फरक दर निर्माण व्यवसायीले वी.ओ.क्यु. मा कवोल गरी पेश भएको छ । प्रोभिजनल सममा पालिकावाट प्रस्तावित दर नै निर्माण व्यवसायीले वी.ओ.क्यु. मा कवोल गर्नु पर्दछ ।	
३१.४			**ङ. Day Works को भुक्तानी :** Day Works आइटमको भुक्तानी, निर्माणको सिलसिलामा आइपर्ने आकस्मिक कार्य गर्न आवश्यक परेमा सक्कल प्रमाण संलग्न गरी सोही अनुसार भुक्तानी हुनु पर्दछ । यस निर्माण कार्यको Day Works वापत Item no. 9.2a र 9.2b excavator र Tipper को प्रयोग गरेको भनि २० घण्टाको क्रमशः रु ८०,०००।०० र १६,०००।०० गरी जम्मा रु ९६,०००।००(मू.अ.कर वाहेक) भुक्तानी भएकोमा कुन कामका लागि कति	१०८,४८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परिमाणको काम गरेको देखिने गरी प्रमाण पेश गर्नुपर्नेमा excavator र Tipper को उपयोग देखिने प्रमाण पेश नभएकोले कति परिमाण कामका लागि उक्त सवारी साधन प्रयोग भएको हो सो को प्रमाण पेश हुनु पर्ने रकम रु १,०८,४८०।००(मू.अ.कर समेत)....	
३२			**ठे.नं. ८।०७८।७९(संघीय सरकार विशेष अनुदान) विद्याविनय आधारभूत विद्यालय भवन निर्माण कार्य** ठे.नं. ८।०७८।७९(संघीय सरकार विशेष अनुदान) विद्याविनय आधारभूत विद्यालय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लुम्बिनी प्रतिभा खनाल ब्रदर्स जे.भी. वीच कवोल अंक रु २,५४,७७,८५९।५४ (मू.अ.कर समेत) को मिति २०८०।०९।१५ काम सम्पन्न गर्ने गरी मिति २०७८।११।०९ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **क. एकमुष्ट पेश्की भुक्तानी :** गो.भौ. १६।०७८।१२।०२ खरिद सम्झौताको विशेष शर्तको वुदाँ नं. ५७.१ मा पहिलो किस्ता १०% र दोश्रो किस्ता १०% काम शुरु भएपछी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यको मोविलाईजेशन पेश्की वापत एकमुष्ट रु४५,०९,०००।०० भुक्तानी भएको छ । पालिकाले सम्झौता विपरित एकमुष्ट २०% मोविलाइजेशन पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । **ख. पेश्की जमानतको अवधि :** खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) अनुसार सम्पन्न गर्नुपर्ने अवधिको ८०% अवधि भित्र पेश्की फर्छ्यौट गर्नुपर्ने र सो अवधिमा थप १ महिना खाम्ने (पेश्की जमानतको न्युनतम अवधि २०८०।०५।१५ सम्मको हुनुपर्ने) पेश्की बैंक जमानत पेश गर्नुपर्नेमा कम अवधि २०७९।०२।३० को पेश्की जमानत पेश भएको आधारमा रु ४५,०९,०००।०० पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । खरिद सम्झौता र खरिद नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ । **ग. पेश्की कट्टी :** गो.भौ. ७७।०७९।०३।०१ खरिद सम्झौताको विशेष शर्तको वुदाँ नं. ५७.३ मा कुल सम्झौता रकमको ३०% मूल्याङ्कन भएपछी पेश भएको प्रत्येक रनिङ्ग विलवाट ४०% का दरले पेश्की कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु ९७,८९,९८७।०० भुक्तानी भएकोमा खरिद सम्झौता अनुसार रु ३९,१५,९९४।८० पेश्की फर्छ्यौट गर्नुपर्नेमा ३,८०,०००।०० मात्र फर्छ्यौट गरी रु ३५,३५,९९४।८० कम पेश्की फर्छ्यौट भएको छ । यसले गर्दा निर्माण व्यवसायीलाई लाभ पुग्ने देखिन्छ । खरिद सम्झौता विपरीत कम पेश्की फर्छ्यौट गरी भुक्तानी दिने कार्यमा नियन्त्रण हुनु पर्दछ । **घ. पेश्की वाँकी :** गो.भौ. १०६।०७९।०३।२२ यस निर्माण कार्यको दोश्रो रनिङ्ग विल वापत रु ५०,१७,१०९।०० भुक्तानी भएकोमा रु २८,२९,०००।०० पेश्की फर्छ्यौट भएको छ । उक्त कार्यको रु १३,००,०००।०० पेश्की फर्छ्यौट गर्न वाँकी रहेको छ । यस निर्माण कार्यको लागि आ.व. को अन्तिम सम्म रु १,४८,०७,०९६।०० भुक्तानी भएको र उक्त रकम अनुसार ४०% ले हुने रकम अनुसार सवै मोविलाइजेशन पेश्की वापतको रकम फर्छ्यौट	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			हुनुपर्नेमा सम्झौता अनुसार पेश्की फर्छ्यौट नगरी रु १३,००,०००।०० पेश्की वाँकी राख्ने कार्य उचित भएन । खरिद सम्झौता अनुसार समयमा पेश्की फर्छ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३३			**ठे.नं. ३९।२०७६।७७ गर्लाम अर्घा मैदान लिफ्ट खानेपानी योजना निर्माण कार्य**	
३३.१			ठे.नं. ३९।२०७६।७७ गर्लाम अर्घा मैदान लिफ्ट खानेपानी योजना निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लुम्विनी/अर्घाखाँची जे.भी. वीच कवोल अंक रु २,४३,६६,३८६।३९ को मिति २०७८।०७।१६ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।०१।१० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. पेश्की वाँकी : यस निर्माण कार्यको पेश्की वाँकी रु ५,५८,४९१।०० रहेको छ । पेश्की जमानत वापत नेपाल वंगलादेश बैंक वाट जारी भएको रु ५,५६,०००।०० को मिति १७ माघ २०७८ म्याद भएको पेश्की वैंक जमानत पेश भएको देखियो । पेश्की वैंक जमानतको म्याद समाप्त भएको छ भने हालसम्म पनि पेश्की फर्छ्यौट भएको छैन् । नियम वमोजिम पेश्की फर्छ्यौट गर्नुपर्ने रु......... आ.व. २०७८।७९ मा काम सम्पन्न भएकोमा वजेट नभएको कारण भुक्तानी हुन नसकी भुक्तानी दिन वाँकीको विवरण प्रमाणित गरी राखिएको पालिकाले जानकारी दिएको छ ।	५५८,४९१
३३.२			**ख. वजेट सुनिश्चितता :** आ.व. २०७६।७७ मा सम्झौता भई संघीय विशेष अनुदान अन्तर्गत कार्यक्रम स्वीकृत भएकोमा आ.व. २०७६।७७ र २०७७।७८ मा संघीय विशेष अनुदान अन्तर्गत वजेट विनियोजन भएको तर आ.व. २०७८।७९ मा संघीय विशेष अनुदानवाट वजेट विनियोजन नभएकोले उक्त कामको भुक्तानी गर्न नसकिएको पालिकाले जानकारी दिएको छ । आ.व. २०७८।७९ र २०७९।८० मा समेत पालिकाले आन्तरिक श्रोतवाट यस कार्यको लागि वजेट विनियोजन गरेको देखिएन । वजेट सुनिश्चित गरेर मात्र काम गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३४			**खरिद व्यवस्थापन भुक्तानी**	
३४.१			**खरिद कानून :** सन्धिखर्क नगरपालिकाको सार्वजनिक खरिद नियमावली हालसम्म पनि तयार गरेको छैन् । खरिद व्यवस्थापनको क्रममा स्थानीय तहको कुन तहको अधिकारीले कस्तो प्रकृतिको लागत अनुमान स्वीकृत गर्ने , वोलपत्र स्वीकृत गर्ने, म्याद थप गर्ने आदी जस्ता खरीद व्यवस्थापन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्वन्धी प्रावधान सार्वजनिक खरिद नियमावली, २०६४ मा स्पष्ट व्यवस्था नगरेकोले खरिद व्यवस्थापन सम्वन्धमा स्पष्ट कानूनी व्यवस्था रहेको पाइएन । यस वाट खरिद सम्वन्धमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुने देखिन्छ ।	
३४.२			**एज विल्ट ड्रइङ्गस :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५.१. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । ठे.नं. २२।०७६।०७७ वडा नं. ३,४,९,र ११ को वडा कार्यालय भवन निर्माण कार्य को लागि पालिका र निर्माण व्यवसायी अर्घाखाँची/पुष्पा जे.भी. वीच कवोल अंक रु ५,४८,२३,१४९।६८ (मू.अ.कर समेत) को मिति २०७९।०१।१६ मा काम सम्पन्न गर्नेगरी मिति २०७७।०१।१० मा सम्झौता भएको छ । यस निर्माण कार्यको अन्तिम विल वापत रु ३३,४३,८८८।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको खरिद सम्झौताको विशेष शर्तको वुँदा नं. ७१.२ मा एज विल्ट ड्रइङ्गस आवश्यक नपर्ने उल्लेख भएको छ । भवन निर्माण सम्पन्न पश्चात एज विल्ट ड्रइङ्गस आवश्यक नपर्ने उल्लेख गरी खरिद सम्झौता गरेको उचित भएन । खरिद सम्झौताको विशेष शर्तमा एज विल्ट ड्रइङ्गस तयार गरी पेश गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा उल्लेख गरि एज विल्ट ड्रइङ्गस तयार गर्नु पर्दछ ।	
३४.३			**कर बीजकः** मुल्य अभिबृद्बि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको पार्टीले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार भुक्तानी गरेकोमा विजक नं. केरमेट गरी विजक नं. छाप लगाएको देखियो । स्थाइ लेखा नम्वर भिडान गरी हेर्दा आयकर नन फाइलर देखिएको छ । नियमानुसार मु.अ. कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु..	७४४,१३६
३५			**नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना**	
३५.१			नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना : नेपालका १२ नगरपालिकाहरुमा संकटापन्न समुहहरुलाई द्रुत श्रममुलक सार्वजनिक निर्माणको माध्यमवाट कोभिड -१९ संकटको छोटो तथा मध्यम अवधिको नकारात्मक प्रभाव न्युनिकरण गर्न सहयोग र राहत प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गरेको देखियो । १२ नगरपालिकाहरुमा २ करोड अमेरिकी डलर श्रममुलक सार्वजनिक निर्माणको लागि छुट्टाइएको मध्ये यो वर्प यस	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिका मा रु ५,५०,००,०००।०० विनियोजन भएकोमा रु ५,३९,२३,५०७।०० खर्च भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. श्रममुलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिकाको खण्ड २ को दफा २.२ कार्यान्वयन कार्यविधिमा नगरपालिकाले कामको प्रगति जाँच गरेर मात्र कामदारलाई आवधिक भुक्तानी गर्ने र निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएपछी अन्तिम भुक्तानी गर्ने व्यवस्था रहेकोमा कार्यालयले आवधिक भुक्तानी नगरी अन्तिममा एकमुष्ट भुक्तानी दिने गरेको देखियो । ख. कामदारहरुको वीमाको लागि नगरपालिका जिम्मेवार हुने व्यवस्था रहेतापनि कामदारहरुको वीमा गर्ने गरेको देखिएन । ग. उप आयोजना छनोट गर्दा गरिबीको स्तर, उपेक्षित क्षेत्र तथा कोभिड १९ बाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिने विषयहरु समेटनु पर्ने व्यवस्था भएकोमा उल्लिखित मापदण्डमा पर्ने स्पष्ट आधार तयार गरी घर परिवार छनौट भएको देखिएन । घ. वडा तहमा घरधुरीको छनौट गर्दा परिवारको भरणपोषण गर्न पर्याप्त आम्दानी र कृषि उब्जनी नहुने घरधुरी ; घरधुरीमा कुनै व्यक्तिमा अपाङ्गता भएको ; एकल महिलाले नेतृत्व गरेको घरधुरी ; घरधुरीमा कोभिड संक्रमित कुनै व्यक्ति भएको ; दलित, अल्पसंख्यक, जनजाति र भूमिहीन व्यक्ति र आप्रवासबाट फर्केको व्यक्ति भएको घरधुरी को मापदण्डहरुमा आधारित हुनुपर्ने व्यवस्था छ । वडाहरुले घरधुरी छनौट गर्दा उल्लिखित मापदण्डलाई आधार वनाएको प्रमाण पेश भएन । यसले गर्दा वास्तविक लक्ष्यित घरपरिवार नै छनोट भएको भनि एकिन हुन सकेन । उप-आयोजनाहरु घरधुरीको तहलाई लक्षित गरिएको भएतापनि एक आर्थिक बर्षमा छनौट भएका हरेक घरधुरीबाट एकजना मात्र कामदार श्रममुलक सार्वजनिक निर्माण उप-आयोजनामा काम गर्न योग्य हुने व्यवस्था छ । लक्षित घरधुरीको सूचीको बार्षिक समीक्षा गरी अधावधिक गर्नुपर्ने व्यवस्था भएकोमा हालसम्म पनि पालिकावाट एकीकृत सूची तयार गरेको देखिएन । यसले गर्दा निर्देशिका वमोजिम लक्ष्यित समूह लाभान्वित भएका छन भनी एकिन भएन ।	
३५.२			ङ. व्यवस्थापन सूचना प्रणाली : खण्ड ५.४ मा श्रममुलक सार्वजनिक निर्माण कार्यको अनुगमन र सञ्चालनको लागि व्यवस्थापन सूचना प्रणाली प्रमुख औजार हुनेछ । व्यवस्थापन सूचना प्रणालीले सहभागी दर्ता फारमबाट सबै तथ्याङ्क सङ्कलन गर्ने, कामदारहरुको हाजिरी अपलोड गर्ने र भुक्तानी रकमको हिसाब किताब राख्ने कार्य गर्नेछ । व्यवस्थापन सूचना प्रणालीले सहभागी नगरपालिकामा कार्यान्वयन गरिएको ज्याला व्यहोर्ने विधि अथवा आंशिक ज्याला योगदान विधिसम्बन्धी आवश्यक तथ्याङ्क समेत सङ्कलन गर्दछ । यस प्रयोजनको लागि मन्त्रालयले शुरुमा एक आधारभूत प्रणाली स्थापना तथा सञ्चालन गरी आवश्यकता अनुसार स्तरोन्ति र अद्यावधिक गर्दै लग्नेछ । नगरपालिकाहरुले यस प्रणालीमा आफ्नो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सूचना तथा जानकारी अधावधिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले हालसम्म यो व्यावस्थापन सूचना प्रणाली विकास नगरेको पालिकाले जानकारी दिएको छ । निर्देशिका अनुसार सूचना प्रणालीको विकास गरी सूचना तथा जानकारी अधावधिक गर्नुपर्दछ । च. व्यावस्थापन सूचना प्रणालीमा कार्य प्रगति अधावधिक गर्ने र अनुगमन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेकोमा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । छ. सञ्चालन निर्देशिकामा रोजगार सेवा केन्द्रका रोजगार संयोजकलाई परिचालन गरी व्यवस्थापन सूचना प्रणालीमा कार्य प्रगति अधावधिक गर्ने र अनुगमन प्रतिवेदन तयार गर्ने व्यवस्था भएकोमा हालसम्म MIS मा प्रगति अधावधिक गर्ने गरेको देखिएन । त्यस्तै रोजगार संयोजकलाई यस कार्यक्रममा परिचालन गरेको छैन् । अत उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनमा सुधार गरिनु पर्दछ ।	
३५.३			ज. कार्यक्रम अन्तर्गत आ.व. २०७८।७९ मा ९० वटा योजना छनोट गरी ज्यालामा रु ३,०७,८०,५०३।०० र निर्माण सामग्री खरिद तथा अन्य खर्चमा रु २,३१,४३,००४।०० खर्च भएको छ । यस वर्ष दक्ष श्रमिक संख्या २३० र अर्धदक्ष श्रमिक संख्या ११५२ समेक कुल १३८२ श्रमिकवाट ३४९०२ कार्य दिन काम भएको छ । जम्मा श्रमिक मध्ये महिला श्रमिक संख्या ७९० रहेको विवरण प्राप्त भएको छ । झ. कार्य दिन : सञ्चालन निर्देशिकामा कम्तिमा ५० दिन काम गर्ने गरी प्राथमिकताको आधारमा कामदार/घरधुरीहरुलाई संलग्न गर्नुपर्ने व्यवस्था छ । तर आयोजना अवधि भरमा कुन कामदारले कति दिन काम गर्यो भनी देखिने गरी अभिलेख तयार गरेको देखिएन । निर्देशिका अनुसारको प्रति कामदान काम गरेको दिन स्पष्ट देखिने गरी अभिलेख तयार गर्नु पर्दछ ।	
३५.४			ञ. हाते औजार तथा सुरक्षा उपकरण : सञ्चालन निर्देशिका ४.१.१. मा प्रत्येक उप-आयोजनाको लागि हाते औजार खरिदको लागि कुल बजेटको २.५% र सुरक्षा उपकरणको लागि २% रकमको प्रावधान रहेको छ । उप-आयोजनालाई आवश्यक औजार र उपकरणहरुको सूची प्राविधिक कर्मचारीले तयार गर्नुपर्नेछ । नगरपालिका स्थित खरिद समितिले आवश्यक सामान खरिद गरी वडालाई हस्तान्तरण गर्नुपर्नेछ । प्रयोग भईसकेका औजार तथा उपकरण र सामानहरुको सुची तयारी गरी भविष्यमा प्रयोगको लागि सम्बन्धित वडा कार्यालयमा राखिनेछन् । अर्को वर्ष उक्त औजारहरुको पुन : प्रयोग गर्ने व्यवस्था रहेको छ । नमुना छनोटको आधारमा लेखापरिक्षण गर्दा सुरक्षा उपकरणका सामानहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट मिश्र निर्माण सेवा एण्ड सप्लायर्स सँग रु ८,१९,९९७।०० मा खरिद गरी गो.भौ. ९।०७८।११।०९ वाट भुक्तानी दिएको छ । खरिद गरिएका निम्नानुसार सामानहरु सम्वन्धित वडाकार्यालयहरुमा भर्पाइ गरी वुझाएकोमा सहायक जिन्सी रजिष्टर तयार गरेको छैन् । उक्त वितरित सामानहरुको अवस्था	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			एकिन हुने कुनै विवरण तयार गरेको छैन् । उक्त सामग्रीहरु पुन प्रयोग गर्नुपर्ने अवस्थामा छन् वा छैनन् एकिन हुन सकेन । सामान वितरणको अवस्था निम्नानुसार देखियो ।	

सामानको नाम	खरिद संख्या	वडाको भर्पाइ रहेको संख्या	वाँकी	कैफियत
वुट जोडी	२९७	२८२	१५	
सेफ्टी ज्याकेट	११६०	११५५	५	
सेनिटाइजर ५०० मी.लि.	२५५	२३९	१६	

निश्चित कार्यक्रम र प्रयोजनाका लागि खरिद गरिएको सामान सोही कार्यमा प्रयोग नगरी वाँकी राखी अन्यत्र उपयोग गर्ने कार्य उचित भएन । यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**गत वर्षको भुक्तानी** गत वर्षको भुक्तानीः आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यको सिमा भित्र रहि गर्नुपर्ने र बजेटले नधान्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ । त्यसैगरी उपनियम १५ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकम मध्ये तलव, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार विरामी र वण्डीको सिदा, सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम मात्र चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा दिन सकिने व्यवस्था छ । कार्यालयले गत वर्षको वैठक भत्ता, कार्यालय सामान, भ्रमण भत्ता समेत रु. ३२,१६,१५७ भुक्तानी गरेको पाइयो । नियमावलीमा उल्लेखित व्यवस्थाको अनुसरण नगरी गत वर्षको खर्च भुक्तानी दिएकाले नियमसम्मत नदेखिएको रु.	३,२१६,१५७

क्रम	कर्मचारीको नाम	असुली रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३६.१ | | ०	
३७			**आर्थिक व्ययभार** आर्थिक व्ययभारः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ बमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययी हुने गरी खर्च गर्नुपर्दछ । तर पालिकाले आफ्नै जनशक्ति द्बारा बनाउन सकिने आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि निर्माणका लागि समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. लाई रु. ४९६०७० भुक्तानी गरेको छ । यसैगरी अतिथि सत्कारका लागि भनी तिलोत्तमा नगरपालिकामा रहेको महङ्गो होटल टाइगर प्यालेस रिसोर्टलाई २ वटा कोठाको लागि रु. ३७२९० खर्च लेखेको छ । यसैगरी जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम अन्तर्गत १ दिने मनोपरामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रमका लागि पालिकाले कृषि सम्बन्धी काम गर्ने उद्देश्यले स्थापित आभास एग्रो कन्सल्टेन्सी प्रा.लि.लाई रु. १९२१०० भुक्तानी दिएको छ । तसर्थ पालिकाले सरकारी रकम खर्च गर्दा अधिकतम मितव्ययीता अपनाउनु पर्ने देखिन्छ ।	
३८			**पदाधिकारी सुविधा**	
३८.१			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु. ४४११६००/-, टेलिफोन तथा मोवाइल रु. १९८६०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १९२००००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु. ३१४४०००/-, अतिथि सत्कारमा रु. १०२००००/-, खानेपानी र सरसफाईमा रु. १२००००/-, र चाडपर्व खर्चमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु. ५६६०००/- समेत रु. १३१६७६००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. १३१६७६०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको एकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
३८.२			नियम विपरित सुविधाः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ बमोजिम पदाधिकारीहरुलाई सुविधा दिनुपर्दछ । तर पालिकाले नगर प्रमुख तथा उपप्रमुखलाई नियम विपरित यातायात सुविधा प्रदान गरे पश्चात पनि इन्धन तथा मोविल वापत गरेको भुक्तानी असुल हुनुपर्ने	३३५,७६८

पदाधिकारीको नाम	इन्धन	मोविल	जम्मा
श्री कमल प्रसाद भुसाल	१२१३२०	७३४०	१२८६६०
श्री ठाकुर कुमार वि.क.	१२१३२०	७३४०	१२८६६०
श्री कृष्ण प्रसाद श्रेष्ठ	३६५२०	२७०४	३९२२४
श्री मिश्रा आचार्य	३६५२०	२७०४	३९२२४
जम्मा	३१५६८०	२००८८	३३५७६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			अनुगमन तथा सम्परीक्षण अनुगमन तथा सम्परीक्षणः प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३८ बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम वेरुजु असुल गरी वेरुजु फर्छ्यौट तथा नियमित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व २०७७।७८ सम्म बाँकी वेरुजु ४ करोड ४१ लाख ५ हजार भएकोमा आर्थिक वर्ष २०७७।७८ मा कायम भएको वेरुजु मध्ये रु १ करोड ५० लाख बेरुजु फर्छ्यौटका निमित्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत सम्परीक्षणका लागि पेश गरेको पालिकाले जनाएको छ। पालिकाले आ.व २०७७/७८ सम्मको वेरुजु मध्ये रु. २३०९६२९.६ सम्परीक्षको लागि अनुरोध गरेकोमा सम्परीक्षण भएको व्यहोरा निम्न छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

आ.व/ वेरुजु दफा	वेरुजुको व्यहोरा	फछ्यौटको व्यहोरा	फछ्यौट भएको रकम
२०७६/७७-४०.१	वडा कार्यालय भवन निर्माणमा वढी भुक्तानी भएको	अर्धाखाँची पुष्पा जे. वी ले रिम्स भौचर नं.४१५८५९१२ मिति २०७९/९/४ वाट जम्मा गरेको प्रमाण पेश भई सम्पनरीक्षणको लागि अनुरोध भई आएको ।	१६०,१३०
२०७६/७७-४०.१	वडा कार्यालय भवन निर्माणमा वढी भुक्तानी भएको	अर्धाखाँची पुष्पा जे. वी ले रिम्स भौचर नं.४१५८५९१२ मिति २०७९/९/४ वाट जम्मा गरेको प्रमाण पेश भई सम्पनरीक्षणको लागि अनुरोध भई आएको ।	(दफा ४०.१ र ४०.२ को गरी एकमुष्ठ रु.१६०१३० जम्मा भएको)
२०७६/७७-५७	पेश्की फछ्यौट गर्नपर्ने	निम्न कर्मचारीले पेश्की फछ्यौट भई सम्परीक्षण गर्न अनुरोध भई आएको 1. उसा वस्नेत रु. ३,००,०० 2. युगल नारायण वसेलर रु. ७५,०००	४,७८,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>3. युगल नारायण वसेल रु. १०३,०००</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६,३८,१३०</td></tr>
</table>
</td><td></td></tr>
</table>